# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभुमि

विद्यालय एक सामाजिक संस्था हो । यसले सामाजिक परिवर्तनमा ठूलो सहयोग गर्दछ । समाजको आवश्यकता अनुसार विद्यालयहरु स्थापित हुन्छन् । विद्यालयले समाजको प्रतिनिधित्व समेत गरिरहेको हुन्छ । यसरी समाजलाई चेतनामूलक कार्यमा विद्यालयले ठूलो सहयोग गर्दछ । कतिपय खराब संस्कार र कुलत हटाउन समेत विद्यालयले भूमिका खेल्दछ । अन्धविस्वासले व्याप्त समाजलाई सही बाटोमा ल्याउन समाजिक मूल्य, मान्यता र संस्कारलाई सकारात्मक परिवर्तन गर्न उपयुक्त वातावरण बनाई विद्यालयले महत्वपूर्ण कार्य गरेको हुन्छ ।

पुस्तकालय शब्द संस्कृत भाषाको ‘पुस्तक’ र ‘आलय’ दुई शब्द मिलेर बनेको हो । यसको अर्थ पुस्तकहरु राखिएको घर हुन्छ । यसलाई ‘ग्रन्थालय’ ( ग्रन्थ + आलय ) पनि भनिन्छ । पुरानो समयमा सूचना र ज्ञानका सामग्रीहरु भन्नु नै पुस्तकहरु भएकोले पुस्तकहरुको संग्रह हुन्थ्यो । आजभोलि सूचना सामग्री विविध रुपमा भण्डारण हुने भएकोले र मानिसहरुको आधुनिक समयानुसार आवश्यकतामा परिवर्तन हुँदै गएकोले आजभोलि पुस्तकालयलाई पनि पुनर्परिभाषित गरेर हेर्न थालिएको छ । सङ्कलन कार्य र सेवामा आएको समयानुकूल परिवर्तनलाई मध्यनजर गरी विषयक्षेत्र र कार्यअनुसार डकुमेन्टेसन केन्द्र , सूचना स्रोत केन्द्र अथवा यस्तै अरु आधुनिक नाम दिन थालिएको छ । आजभोलिका पुस्तकालयहरुमा कागजका पुस्तकहरु मात्र नभई श्रव्यदृष्य सामग्री CD/DVD सामग्री , माइक्रोफिल्म एवं कम्प्युटर इन्टरनेटका माध्यमले पाइने कुनै ज्ञान र सूचना सामग्रीहरु उपलब्ध हुन थालेका छन् (अधिकारी , २०६५ ) ।

पुस्तकको इतिहाससँगै पुस्तकालयको इतिहास पनि शुरु भएको पाइन्छ । इ.पू. ५५०० देखि सुमेरियनहरुले मेसोपोटामियामा गिला माटाका खवटाहरुमा आफ्ना विचारहरु चित्रात्मक लिपीमा लेखेर घाममा सुकाएर संग्रह गरी संग्राहालयमा राख्ने गर्दछन् जुन आजका आधुनिक पुस्तकालयहरुको प्रचीन रुप हो । त्यसै गरी इ.पू. २७०० ताका इजिप्सियनहरुले नीलनदी छेउछाउमा पाइने पपाइरस नामका जलघाँसका डाँठबाट लेखन सामग्री तयार गरी आफ्ना विचार लेखेर सञ्चय गरी पुस्तकालयको रुपमा स्थापना गरेको पाइन्छ । त्यसैगरी इ.पू. १९७ तिर टर्कीले जनावरको छालामा लेख्ने काम गरी त्यसैलाई पुस्तक बनाई त्यस्ता सामग्रीलाई पुस्ताकालयमा राख्ने कामको थालनी भयो । विस्तारै विस्तारै पूर्वी एसियाका

देशहरुमा त्यसमा पनि चीनमा हाड, कछुवाको खवटा, बाँसको बोक्रा, रेभन कपडा आदिमा लेख्ने कामको थालनी भयो । सन् १०५ मा चीनमा कागजको शुरुवात् भै सकेपछि कागजमा लेख्ने कार्यको पनि शुरुवात भई पुस्तकहरु निर्माण हुन थाले र निर्मित पुस्तकहरुलाई पुस्तकालयमा राख्ने प्रचलनको थालनी भयो । सन् १४४५ तिर जर्मनीका जोहान गुटेनवर्ग नामका व्यक्तिले छापाखानाको आविष्कार गरेपछि त पुस्तक प्रकाशन गर्ने कार्यमा क्रान्ती नै आयो । धेरै पुस्तकहरु छापिए र यसरी छापिएका पुस्तकहरुलाई संग्रह गरी Bodlean Library को नामाकरण गरियो । विसौं शताब्दीको अन्त्यतिर आइपुग्दा संसारभरी विद्युतीय पुस्तकालय सम्म स्थापना भएको तथ्यबाट पुस्तकालयको विकासक्रम रोमाञ्चकारी भएको प्रष्ट हुन्छ (अधिकारी, २०६५) ।

विश्वमा बढदै गएको पुस्तकालयको विकासले हाम्रो देशमा पनि प्रभाव नपारी रहन सकेन फलस्वरुप ज्ञान सामग्रीहरु मठ मन्दिरमा सुरक्षित राख्ने परम्परा बढ्दै जान थाल्यो । यस किसिमका सामग्रीहरु मुख्यगरी संस्कृत भाषामा थिए । सत्रौं, अठारौं शताब्दीमा राजा जितामित्र मल्लको ‘हरगौरी विवाह’ राजा जयप्रकाश मल्लको ‘रत्नेश्वर प्रादुर्भाव’ प्रमुख नाटकहरू थिए । यस प्रकार मल्ल राजाहरुको पालामा पुस्तकालयको स्थापनाको शुरुवात नभएपनि तन्त्र दर्शन, व्याकरण, ज्योतिष, धर्मशास्त्र, प्रचीन, अप्राचीन शास्त्रहरुको संकलन धेरै अगाडि देखि नै बौद्ध विहार, मठ-मन्दिरमा भएको पाइन्छ ।

राणा शासक जगबहादुरले बेलायतबाट गिट्टे प्रेस ल्याएपछि ज्ञान सामग्रीहरुको प्रकाशन बढ्दै गएपनि पुस्तकालयको विकास भएको पाइदैन । देवशमसेरले खोलेको विद्यालयमा पनि केवल दरबार र उच्च वर्गका केटाकेटीलाइ मध्यनजर गरी पढाउने गरिन्थ्यो । शिक्षाबाट वञ्चित जनताले राणाशासनको विरुद्ध ‘मकैको खेती’ लेखे बापत श्री कृष्णलाललाई राणाहरुले जेल सजाय गरेको थिए भने वि.सं. १९८७ मा महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायत ४५/४६ जना व्यक्तिह्रुलाई सरस्वती पुस्तकालय खोल्न जमर्को गरेबापत जनही रु. १०० जरिवाना गरिएको थियो । यस घटनालाई नेपालको पुस्तकालय विकासको इतिहासको पुस्तकालय पर्वको नामले चिनिन्छ ।

वि.सं.२००७ साल अगाडि वीर पुस्तकालय , केशर पुस्तकालय , सिंह पुस्तकालय जस्ता व्यक्तिगत पुस्तकालय थिए तर सर्वसाधरण जनताले ज्ञान हासिल गर्ने कुनै पनि पुस्तकालय थिएनन् जसले गर्दा जनताहरु अन्धकार युगमा बाँचेका थिए । पाल्पामा वि.स.. १९९३ मा पुस्तक पढ्ने दलानको स्थापना भयो र पछि वि.स.. २००४ मा छुट्टै भवन निर्माण भई

यसलाई घवल पुस्तकालयको नाम दिइयो । यसको स्थापनासँगै स्थापित अन्य पुस्तकालयहरुमा महावीर पुस्तकालय (वि.सं. २००४), सार्वजनिक विद्याभवन पुस्तकालय, धरान (वि.सं. २००४), आदर्श पुस्तकालय, विराटनगर (वि.सं. २००४), प्रदिप्त पुस्तकालय, काठमाडौं (वि.सं. २००३), मदन पुरस्कार पुस्तकालय (वि.सं.२०१३), नेपाल राष्ट्रिय पुस्तकालय (वि.सं. २०१३), सेन्ट्रल पुस्तकालय (वि.सं. २०१६), केशर पुस्तकालय (वि.स.. २०२६), डिल्लीराम कल्याणी रेग्मी स्मारक पुस्तकालय (वि.सं. २०५८), काठमाडौं उपत्यका, सार्वजनिक पुस्तकालय (वि.सं. २०६१) आदि पर्दछन् (राई, भट्टराई, अन्य, २०६४) ।

यसरी विकासक्रमका विभिन्न चरणहरु पार गर्दै आएको पुस्तकालयले हाल देशका सबै भागहरुमा परिचितता पाई शैक्षिक सुधार , सूचनाको वाहक , शैक्षिक तथा सामाजिक जागरण जस्ता उल्लेख्य कार्यहरु गर्न सफल बन्दै आएको सत्य हामी सामु प्रष्ट छ । अझ महत्वपूर्ण कुरा के छ भने पुस्तकालयले शैक्षिक संस्थाको गहनाको स्थान लिन सफल भएको छ । पुस्तकालय बिनाको शैक्षिक संस्था अधुरो रहन्छ र पर्याप्त सामग्रीको अभावमा शिक्षण प्रभावकारी हुँदैन ।

आधुनिक पुस्तकालय हुनका लागि मुख्य गरी तीनवटा आधारभूत तत्वहरु अनिवार्य रुपमा आवश्यक हुन्छन् :- पुस्तक, पाठक र कर्मचारी । तर यी तीन तत्वहरुको एक आपसको तालमेलले मात्र आधुनिक पुस्तकालयको परिभाषा पूर्ण हुँदैन ।

पुस्तकालय हुनका लागि पुस्तक, पाठक, कर्मचारी, भवनकोठा, उपकरण, फर्निचर, अर्थ, लेखन सामग्री जस्ता आधारभूत तत्वहरु आवश्यक पर्दछन् । आजको युगमा विभिन्न स्रोतहरुबाट ज्ञानगुनका कुराहरु प्राप्त गर्न सकिन्छ । नबुझे धेरै पटक दोहोर्‍याई, तेहेर्‍याई पठन-पाठन गर्न सकिने साधन पुस्तक, पत्रपत्रिका, अखवार आदि नै हुन् । विश्वमा प्रकाशन भई राखेका लाखौं लाख ज्ञान सामग्रीहरुको एक व्यक्तिले खरीद गर्न वा खरीद गरेर सुव्यवस्था गर्न सम्भव छैन । त्यसलाई प्रायः सम्भव तुल्याउने साधन भनेको पुस्तकालय नै हो । विश्वमा विभिन्न उद्देश्यले विभिन्न प्रकारका पुस्तकालयहरु स्थापना भएका पाइन्छन् । ठीक सूचना, ठीक पाठकलाई, ठीक समयमा उपलब्ध गराउनु र ज्ञान विज्ञानका प्रकाशित सामग्रीहरु नियन्त्रण गरी पठन पाठनका सामग्रीहरु र सुविधा उपलब्ध गराई सबैलाई निरन्तर शिक्षा प्रदान गर्नुलाई नै पुस्तकालयका मुख्य उद्देश्यको रुपमा लिइन्छ । विश्वमा हजारौं नामले पुस्तकालयहरु स्थापना भएका छन् र स्थापना हुने क्रममा पनि रहेका छन् । पुस्तकालयको नाम इच्छा अनुसार फरक-फरक तरिकाले राख्ने गरिएको छ । वास्तवमा

काम, कार्यक्षेत्र, उद्देश्य र सेवाहरुका आधारमा विश्वमा रहेका करोडौं पुस्तकालयहरुलाई राष्ट्रिय पुस्तकालय, सार्वजनिक /सामुदायिक पुस्तकालय, शैक्षिक पुस्कालय (विश्वविद्यालय पुस्तकालय, कलेज पुस्तकालय र स्कूल पुस्तकालय), विशिष्ट पुस्तकालय को रुपमा वर्गीकरण गर्न सकिन्छ (राई र साथीहरु, २०६४) ।

पुस्तकालयका उद्देश्यहरुलाई आ-आफ्नो मातृसंस्थाको उद्देश्य, नीति र कार्यक्रमहरुलाई सघाउ पुऱ्याउने किसिमका पाठ्य सामग्री संकलन गर्नु, एक सु-सूचित, शिक्षित, सभ्य समाजको निर्माण गर्ने सरकारी अभियानलाई सहयोग पुऱ्याउनु, संकलित सामग्रीहरुलाई निश्चित नियमानुसार व्यवस्थित गरी आफ्ना सबै पाठक सदस्यहरुलाई बिना कुनै भेदभाव निशुल्क पढ्ने सुविधा उपलब्ध गराउनु र समाजमा छरिएर रहेका बौद्धिक, साँस्कृतिक महत्वका सामग्रीहरुलाई सङ्कलन गरेर भावी पुस्ताको लागि जोगाएर राख्नु हुन् भनी प्रस्तुत गरेका छन् ( अधिकारी , २०६५) ।

पुस्तकालयमा पाठ्य सामग्रीको संकलन अध्ययन, अनुसन्धान वा सन्दर्भको उद्देश्यले गरिने विचार प्रस्तुत गरेका छन् । यसको अलावा पुस्तकालयको आकार र प्रकार अनुसार पनि केही निश्चित उद्देश्यहरु तय गरिएका हुन्छन् । पुस्तकालयहरु विभिन्न प्रकारका हुन्छन् । तिनीहरुबीच हुने फरक भनेको आकार, उद्देश्य, वित्तीय स्थीरता, सरचनात्मक खाका लगायतका विशेषताहरुमा हुने गर्दछ । व्यवस्थापनको दृष्टिले पुस्तकालयहरु व्यवस्थापन शैली, कामदारको प्रकृति, संगठनात्मक अवस्था, उपलब्धिमूलक वातावरण जस्ता कुराहरुमा भिन्न हुन्छन्  (कुमार, १९९६) ।

माथि उल्लेखित पुस्तकालयका प्रकारहरु तिनीहरुको आकार र उद्देश्य अनुसार निर्धारण गरिएको हुन्छ । प्रस्तुत अध्ययनका निम्ति शैक्षिक पुस्तकालय अन्तर्गत पर्ने विद्यालय स्कूल/विद्यालय पुस्तकालयको सर्वेक्षण गरिने भएकोले यसको छोटो परिचय यहाँ प्रस्तुत गरिएको छ ।

विद्यालय जाने बालबालिकाहरुमा पढ्ने बानीको विकास गर्नका साथै उनीहरुको शैक्षिक क्रियाकलापमा सहयोग गर्ने उद्देश्यले स्थापित पुस्तकालयलाई विद्यालय पुस्तकालय भनिन्छ । विद्यालयमा पुस्तकालयको मुख्य उद्देश्य भनेको बालबालिकाहरुको पठनपाठनमा अचिरुचि सृजना गर्ने साथै भविष्यमा कलेज , विश्वविद्यालय तथा अन्य पुस्तकालयहरु प्रयोग गर्न उत्साहित  र सक्षम बनाउनु नै हो । विद्यालय पुस्तकालयमा पाठ्यसामग्री लगायत बाल सन्दर्भ सामग्रीहरु , बालबालिकाहरुमा पठन पाठनमा अभिरुची सृजना गर्ने

बालगीत , बालकथा , बालकविता जस्ता सामग्रीहरु साथै अडियो , भिडियो , सामग्रीहरु सङ्कलन गर्दा बढी फाइदा हुन्छ ।

विद्यालय पुस्तकालयकै सन्दर्भमा कुमार, १९९५ ले पुस्तकालयलाई विद्यालयको अभिन्न अंगको रुपमा र विद्यालयको शैक्षिक प्रणाली साथै यसका उद्देश्य  र लक्ष्य पूरा गर्न महत्वपूर्ण भूमिका खेल्ने महत्वपूर्ण संस्थाको रुपमा लिएका छन् ।

नेपालको सन्दर्भमा भन्ने हो भने यहाँको शिक्षा प्रणाली पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको रुपमा सञ्चालित छ । व्यवस्थापनको दृष्टिकोणमा सरकारी, समुदायमा आधारित र निजी विद्यालय गरी तीन तहमा विभाजित भएको पाइन्छ। यसरी विभिन्न रुपमा सञ्चालित विद्यालयहरुमा पुस्तकालयको व्यवस्थापनका लागि सरकारको तर्फबाट कुनै ठोस नीति रहेको पाइँदैन । त्यसमा पनि निजी क्षेत्रको तुलनामा सरकारी क्षेत्रको व्यवस्थापकीय पाटो कमजोर रहेको छ । पुस्तकालय सम्न्धी छुट्टै नीति नियम वा बजेट बिनियोजन नभएता पनि शिक्षा क्षेत्रको विकासका लागि विभिन्न शीर्षकमा बजेट भने विद्यालयहरुमा पठाइएकै हुन्छ । त्यसैगरी शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रिय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय अन्तर्गत रहेका कर्मचारी, वि.नि., स्रोत व्यक्ति, शिक्षक आदि लाई दक्ष बनाउन बेलाबेलामा तालिमहरु पनि सञ्चालन हुँदै आएका छन् । शिक्षा मन्त्रालयकै मातहतमा केशर पुस्तकालय र नेपाल राष्ट्रिय पुस्तकालय सञ्चालनरत रहेका छन् । पुस्तकालयको महत्वलाई मध्यनजर गर्दै सरकारले पञ्चवर्षीय योजनामा पुस्तकालय सम्बन्धी नीतिलाई अघि सारेको छ । नेपालको सन्दर्भमा पुस्तकालय कार्यक्रमको विकासको अवस्था हेर्ने हो भने भर्खर शिशु अवस्थामा रहेको भन्न सकिन्छ । नेपाल सरकारका कार्यक्रम अन्तर्गत विद्यालय सुधार कार्यक्रमले विद्यालयको भौतिक व्यवस्थापनलाई मजबुत बनाई शैक्षिक गुणस्तर उकास्ने प्रयत्न गरेको पाइन्छ (शिवाकोटी, २००३) ।

मानिस सामाजिक प्राणी भएकोले ऊ समाजमा बस्दा विभिन्न समूह, संघ संस्था तथा संगठनमा आवद्ध हुन्छ । प्रत्येक संघसंस्थाका उद्देश्यहरु पूरा गर्न मानवीय, भौतिक, अर्थिक पक्षहरुको प्रबन्ध गर्ने, तौरतरिकाहरुको छनौट गर्ने, सरल र व्यवस्थित ढंगले उद्देश्य प्राप्ति गर्न पहल गर्नुपर्दछ । यसरी विभिन्न क्षेत्रहरुमा सरल वा जटिल प्रकारका उद्देश्य प्राप्तिका लागि गरिने प्रबन्ध नै व्यवस्थापन हो । कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्यलाई व्यवस्थापन भनिन्छ । यसर्थ संगठनको निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्नका

लागि आवश्यक पर्ने स्रोत र साधन जुटाई व्यवस्थित ढंगले सञ्चालन समन्वय गर्ने कार्य व्यवस्थापन हो ( श्रेष्ठ, कोइराला २०६२) ।

व्यवस्थापनका विभिन्न पाटोहरु हुन सक्दछन् । ती विभिन्न पाटाहरु मध्ये शैक्षिक व्यवस्थापन पनि एक हो । शैक्षिक व्यवस्थापन भन्नाले शैक्षिक सेवाहरु प्रभावकारी एवं सफलतापूर्वक सञ्चालन गरिने प्रक्रिया हो । योजना , संगठन , नियुक्ति , नियन्त्रणको प्रभावकारिता शैक्षिक उद्देश्य प्राप्त गर्ने एक प्रक्रियाको रुपमा शैक्षिक व्यवस्थापनलाई लिन सकिन्छ ।

Encyclopedia of Educational Research का अनुसार : "शैक्षिक व्यवस्थापन भनेको कार्यकर्ताहरुको प्रयासमा सामञ्जस्य स्थपित गर्ने र उपयुक्त सामग्रीहरुलाई मानवीय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो ।" यसरी गर्ने क्रममा पुस्तकालय व्यवस्थापनले शैक्षिक कार्यहरुलाई प्रभावकारी एवम् सफलतापूर्वक अगाडी बढाउन एउटा पुलको रुपमा कार्य गरिरहेको हुन्छ । त्यसैले कुनैपनि शैक्षिक संस्थाको शैक्षिक गतिविधिहरुलाई सफल तथा प्रभावकारी रुपमा अगाडि बढाउनका लागि पुस्तकालय व्यवस्थापन एक महत्वपूर्ण पाटाको रुपमा रहेको हुन्छ ।

Campbell र साथीहरुका अनुसार : "शैक्षिक प्रशासनमा शिक्षण एवं सिकाइमा आधारित लक्ष्यहरु तथा नीतिहरुको विकासमा सहायता गर्न शिक्षण सिकाइको उपयुक्त कार्यक्रमको विकासमा उत्प्रेरित गर्न र शिक्षण सिकाइ कार्यको सञ्चालन गर्ने , कर्मचारी र सामग्रीको व्यवस्था गर्ने कुराहरु समेत समावेश हुन्छन् ।"

पुस्तकालयलाई पनि व्यवस्थित रुपमा संचालन गर्न आवश्यक निती नियमको तर्जुमा गर्नुपर्दछ । पुस्तकालयमा कार्यरत कर्मचारीहरुलाई आवश्यक तालिमहरुको व्यवस्था गरी वैज्ञानिक र प्रभावकारी ढंगले पुस्तकालय सञ्चालन गरी विद्यार्थी तथा शिक्षकहरुलाई सजिलो र सहज ढंगले पुस्तक उपलब्ध गराई आवश्यकता अनुसार पुस्तकहरु थप गर्दै लैजानुपर्ने आवश्यकता देखिन्छ ।

शैक्षिक व्यवस्थापन अन्तर्गत शिक्षण संस्थाको प्रभावकारी सञ्चालन र त्यससँग सम्बद्ध पक्षहरुको सुविधाका लागि आवश्यक पर्ने सम्पूर्ण पक्षहरुलाई समेट्न सकिने भएकोले पुस्तकालय व्यवस्थापनलाई पनि यसको एक अभिन्न पाटोको रुपमा लिन सकिन्छ ।

## १.२ समस्याको कथन

पुस्तकालय व्यवस्थापन भन्ने विषय हेर्दा र सुन्दा साधारण लागे पनि यस सम्बन्धी सम्पूर्ण विषय क्षेत्रका ज्ञान समेट्नुपर्ने भएकाले कार्यगत रुपमा यो अत्यन्त जटिल छ । सञ्चार माध्यम झैं अनौपचरिक शिक्षा, सामयिक चेतना, अध्ययन अनुसन्धान र सन्दर्भ सामग्री उपलब्ध गराउने कार्यमा पुस्तकालय एक सशक्त माध्यम मानिन्छ । व्यक्तित्व विकास र बौद्धिक विकासमा समेत पुस्तकालयको अहम् भूमिका रहन्छ । स्थापित शिक्षण संस्थाहरुमा गुणस्तरीय शिक्षाका लागि पुस्तकालय स्थापना महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको छ । शिक्षण संस्थाहरुमा रहेका पुस्तकालयहरुको व्यवस्थापन र सञ्चालन प्रक्रिया सम्बन्धमा अध्ययन गरी यथार्थ चित्रण गर्नु शैक्षिक योजना र व्यवस्थापन विषयसँग अत्यन्त निकट विषयवस्तु हो । यसका साथै हाल नेपालमा सामुदायिक र संस्थागत तवरबाट सञ्चालित विद्यालयहरुको शैक्षिक गुणस्तर माथि उकास्नको लागि विद्यालयका विभिन्न पक्षहरुलाई अध्ययन गर्नुपर्ने हुन्छ । विद्यालयका विभिन्न पक्षहरु मध्ये पुस्तकालयको व्यवस्थापन पनि एक हो । पुस्तकालयको अध्ययन गर्ने क्रममा सामुदायिक र संस्थागत विद्यालयको पुस्तकालयलाई तुलनात्मक अध्ययन गरेर हेर्दा पुस्तकालयको वास्तविक अवस्थाको पहिचान गर्न अझ सजिलो हुने कुरा प्रष्ट छ । अध्ययनको क्रममा पुस्तकालयलाई प्रभाव पार्ने पक्षहरुमध्ये आर्थिक पक्ष, भौतिक पक्ष, प्रशासनिक पक्षलाई प्रमुख पक्षको रुपमा उल्लेख गरी तिनीहरुको तुलनात्मक रुपले अध्ययन र विश्लेषण गर्न सकेमा सम्बन्धित सबै पक्षलाई वास्तविकताको पहिचान हुने भएकाले सामुदायिक तथा संस्थागत विद्यालयमा पुस्तकालय व्यवस्थापनको प्रभावकारिता लाई एक समस्यामूलक विषयको रुपमा छनौट गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

प्रस्तुत अध्ययनमा विद्यालयको शैक्षिक गुणस्तरको महत्वपूर्ण पूर्वाधारको रुपमा लिइने पुस्तकालय व्यवस्थापनको विषयमा सामुदायिक तथा संस्थागत विद्यालयहरुको वस्तुस्थिति समेटेर तुलनात्मक अध्ययन गरिएको छ । यो अध्ययन पुस्तकालय व्यवस्थापनका अपरिहार्य पाटोहरुलाई जोड दिंदै त्यस सम्बन्धी सरोकार पक्षको धारणा समेत अध्ययन गरिएको छ । यस अध्ययनबाट सामुदायिक तथा संस्थागत विद्यालयहरुमा पुस्तकालय प्रबन्धको संख्यात्मक र गुणात्मक अवस्थाको चित्रण गरिएको छ । साथै पुस्तकालयको प्रबन्ध र व्यवस्थापनप्रति

सरोकारवालाहरुको चासो रहे नरहेको अवस्थाको अध्ययनबाट यस विषयप्रति उनीहरुको ध्यानाकर्षण गर्न पनि मद्दत पुगेको छ। फलस्वरुप यस अध्ययनले  विद्यालयहरुको शैक्षिक व्यवस्थापनको सुधारका लागि प्रेरणादायी स्रोतको काम गर्नेछ। यसका अतिरिक्त विद्यालयको शैक्षिक व्यवस्थापनको सुधारका निम्ति ठूलो धनराशी खर्च गर्ने सरकारी निकाय, गैरसरकारी संस्था र दातृ निकायलाई समेत उनीहरुको लगानीबाट अपेक्षित उपलब्धि प्राप्त भए नभएको सम्बन्धमा जानकारी प्राप्त हुने भएकाले ती निकाय/संस्थाहरु पनि यस अध्ययनबाट लाभान्वित हुन सक्नेछन्। विद्यालयहरुबीच तुलनात्मक अध्ययन हुँदा सुधारका सम्भाव्यताहरुको पहिचान हुनुका साथै भावी दिनहरुमा व्यवस्थापकीय पाटोमा देखिएका कमजोरीहरुको निराकरण गर्न सहयोग पुग्नेछ।

अन्त्यमा, यस अध्ययनबाट शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालयको प्रशासकीय र व्यवस्थापकीय दायित्व वहन गर्ने व्यक्तित्वहरु, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, शैक्षिक योजनाकार तथा नीति निर्माताहरुलाई पुस्तकालय व्यवस्थापन सम्बन्धी आवश्यक नीति योजना तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(क) संस्थागत र सामुदायिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनको अवस्थो विश्लेषण गर्नु,

(ख) सामुदायिक र संस्थागत विद्यालयका पुस्तकालय व्यवस्थापनका तुलनात्मक अध्ययन गर्नु,

ग) संस्थागत र सामुदायिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनमा देखापरेका समस्याहरुको पहिचान गर्नु,

घ) संस्थागत र सामुदायिक विद्यालयहरुको पुस्तकालय व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका लागि छनौट गरिएको शीर्षक अन्तर्गत निम्न अनुसन्धानात्मक प्रश्नहरुको तयार गरी अध्ययन सम्पन्न गरिएको छ :

(क) सबै सामुदायिक र संस्थागत विद्यालयहरुमा पुस्तकालयको प्रबन्ध छ कि छैन ?

(ख) सामुदायिक वा संस्थागत मध्ये कुन प्रकारका विद्यालयहरुमा पुस्तकालयको प्रबन्ध संख्यात्मक र गुणत्मक दृष्टिकोणले बढी प्रभावकारी छ ?

(ग) विद्यालयहरुमा सञ्चालित पुस्तकालयको भौतिक संरचना कस्तो रहेको छ ?

(घ) पुस्तकालय सञ्चालनका लागि विद्यालयहरुले के-कस्ता नीतिहरु अवलम्वन गरेका छन्?

(ङ) सामुदायिक तथा संस्थागत विद्यालयमा पुस्तकालय सञ्चालनका लागि आर्थिक स्रोतको व्यवस्थापन तथा परिचालन कसरी गरिएको छ ?

(च) पुस्तकालय व्यवस्थापनमा सामुदायिक वा संस्थागत विद्यालयहरुले के-कस्ता समस्याहरुको सामना गर्नु परिरहेको छ ?

(छ) पुस्तकालय व्यवस्थापनमा देखा परेका समस्याहरुको निराकरणको लागि सामुदायिक वा संस्थागत विद्यालयहरुले के कस्ता उपायहरु अवलम्वन गर्न सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई पुस्तकालय व्यवस्थापनका निम्नलिखित पक्षहरुमा सिमित गरिएको छ :

(क) मोरङ जिल्लाको केराबारी र इन्द्रपुर स्रोतकेन्द्रका सामुदायिक र संस्थागत विद्यालयहरुमा सिमित गरिएको छ ।

(ख) अध्ययनलाई पुस्तकालय व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषण, प्रभावकारी व्यवस्थापनका उपायहरु खोजी गर्ने र समस्याहरु पहिचान गरी समाधानका उपायहरुको खोजी कार्यमा सिमित गरिएको छ ।

(ग) अध्ययनलाई सामुदायिक र संस्थागत मा.वि.तथा उच्च मा.वि.मा सिमित गरिएको छ ।

(घ) अध्ययन क्षेत्रत्रबाट प्राप्त तथ्य र तथ्याङ्कहरुको सत्यतामा यो शोधकार्यको वस्तुनिष्ठतामा निर्भर रहने छ ।

(ङ) अनुसन्धानबाट प्राप्त निष्कर्षलाई सिमित मात्रामा सामान्यीकरण गर्न सकिनेछ ।

## १.७ प्रयोग गरिएका शब्दावलीहरुको परिभाषा

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय

संस्थागत विद्यालय : नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त गरी आफ्नै लगानी सञ्चालित विद्यालय

व्यवस्थापन : निर्धारित लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि आवश्यक पर्ने स्रोत तथा साधनहरु जुटाई व्यवस्थित ढङ्गले परिचालन गर्ने प्रक्रिया

भौतिक पक्ष : कुनै कार्यालयलाई सञ्चालन गर्नका लागि आवश्यक पर्ने पूर्वाधारहरु ( स्थान,भवन,फर्निचर) आदि ।

प्रशासनिक पक्ष : कुनै पनि सङ्गठन सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारी, व्यवस्थापन तथा नीतिनियमसँग सम्बन्धित कुरा

आर्थिक पक्ष : कुनै पनि संगठन सञ्चालन गर्न आवश्यक पर्ने लगानी (रुपियाँ पैसा)

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनैपनि अध्ययन अनुसन्धान गर्दा अध्ययनसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, लेख, रचना, अनुसन्धानात्मक कार्य गर्दा कस्तो क्षेत्रलाई समेट्ने, कस्ता उद्देश्य परिपूर्ति गर्न कस्ता विधिहरु अपनाउने, तथ्याङ्क संकलनमा कस्ता साधनहरुको प्रयोग गर्ने भन्ने सम्बन्धमा सम्बन्धित साहित्यको पुनरावलोकन बाट विशेष मार्गनिर्देशन मिल्ने भएकोले यस अध्ययनसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरी यहाँ प्रस्तुत गरिएको छ ।

Arthur (1964) द्वारा लिखित 'A History of School Libraries in Philadelphia, 1874 to 1964' नामक लेखले Philadelphia का विद्यालयहरुमा पुस्तकालयको विकासक्रम सम्बन्धमा विस्तृत अध्ययन गरी त्यहाँको वस्तुस्थिति उजागर गरेको छ। Arthur को लेख Philadelphia का विद्यालयहरुमा पुस्तकालयको ऐतिहासिक विकासक्रमसँग सम्बद्ध भएपनि उक्त लेखले विद्यालयमा पुस्तकालयको बढ्दो माग र माग अनुसार परिवर्तनको आवश्यकता बोध हुँदै आएको विषयमा गहनतम प्रसङ्गहरु उठाएको पाइन्छ । प्रस्तुत लेखमा लेखकले Philadelphia मा विद्यालय पुस्तकालयको शुरुवात विद्यालयहरुको स्थापनाको शुरुवातसँगै भएको कुरा उल्लेख गरेका छन् । त्यहाँका विद्यालयहरुले पुस्तकालयको सुधार गर्नु र पुस्तकालयको संख्या उल्लेख्य रुपले बढाउँदै लैजानुले आधुनिक सामुदायिक विद्यालय सु-व्यस्थित र संगठित पुस्तकालयको अभावमा अपूर्ण हुन्छ भन्ने विचारले प्रभाव पारेको तथ्य लेखकले प्रस्तुत गरेका छन् । पुस्तकालयको विकासक्रमका सुधारात्मक पक्षहरुको प्रस्तुती सँगै Arthur ले विद्यालय पुस्तकालयका लागि बजेट वृद्धि गरिनुपर्ने, पुस्तकालयमा शैक्षिक सामग्रीको पर्याप्तता साथै पुस्तकालय सहायकको नियुक्ति हुनुपर्ने, नीति निर्माण, सुपरिवेक्षण र विद्यालयको आकार अनुसार सामग्री आपूर्ति हुनुपर्ने जस्ता महत्वपूर्ण सुझावहरु पेश गरेका छन् । लेखको अन्त्यमा उनले पुस्तकालयको क्षेत्रमा धेरै कुराहरु गर्न बाँकी रहेको तर विगतको छोटो अवधिमा गरिएका कार्यहरु समयावधिको तुलनामा प्रसस्त भएको कुरा उल्लेख गरेका छन् (Arthur, 1964)।

शिवाकोटी, (२००३) को “Status of School Library Development in Nepal” शीर्षकको लेखले नेपालमा पुस्तकालयको विकासको अवस्था सामुदायिक तथा संस्थागत विद्यालयमा भिन्नाभिन्नै किसिमको रहेको कुरालाई प्रष्ट्याएको छ । नेपालमा पुस्तकालयको विकास नहुनुमा मुख्य कारण सरकारी नीति नियमको अभाव र पुस्तकालय विकासका लागि छुट्टै

बजेट विनियोजन नहुनु, पुस्तकहरु पर्याप्त मात्रामा नहुनु, चेतनाको अभाव, दक्ष जनशक्तिको अभाव आदि कारण रहेका छन् । यसमा विकास गर्नको लागि पुस्तकालय सम्बन्धी सरकारबाट नै प्रष्ट निती नियम बनाइनु पर्ने, पर्याप्त मात्रामा बजेट विनियोजन गरी पुस्तकालय भनेको पढ्ने ठाउँ मात्र नभई एउटा अनुसन्धान केन्द्र हो भन्ने भन्ने मान्यताको विकास गर्नुपर्ने, पुस्तकालयको विकास कसरी गर्ने भन्ने विषयमा व्यापक रुपमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, NGOs, INGOS मार्फत छलफल र सेमिनार सञ्चालन गरी यसतर्फ सबैको गम्भीर ध्यानाकर्षण गराई प्राप्त निष्कष र सुझावको कार्यान्वयन गर्दै अघि बढ्नुपर्ने कुरामा जोड दिएको छ ।

फेङसुइ, (२०६५) का अनुसार पुस्तकालय सम्बन्धी राय सल्लाहमा भवन वा कोठाको सुगमता, चिटिक्क र व्यवस्थापन सुन्दरता एवम् कार्यशीलता, स्वच्चछता, आरामदायीपनलाई जोड दिएको छ । यदि फेङसुइको नै सिद्धान्तलाई आधार मानी पुस्तकालय बनाउने हो भने पुस्तकालयको भवन सुगम ठाउँमा सुन्दर, भित्र सुविधाजनक, त्यहाँका पुस्तक र उपकरणहरु उपयोगितापूर्ण स्थितिका एवम् सेवा प्रंदान गर्न सकिने मापदण्डको हुनुपर्ने हुन्छ । फेङसुइले टेबल, कुर्सी आदि फर्निचरको छेउकुना चुच्चो नभएको हुनुपर्ने, बिग्रिएका, भत्किएकालाई राख्न नहुने एवम् नराम्रो देखिने वा अनावश्यक ठाउँ ओगट्ने खालका फर्निचरहरु समेत राख्न निषेध गर्दछ (अधिकारी, २०६५ द्वारा उद्धृत) ।

दाहाल (२०६५), का अनुसार समुदायका सबै मानिसहरु मिलेर समुदायको हित र विकासका लागि समुदायद्वारा नै सामुदायिक अध्ययन केन्द्रको स्थापना र सञ्चालन गरिन्छ । यस्ता अध्ययन केन्द्रहरुले विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्दछन् । त्यसमध्ये पनि पुस्तकालय सञ्चालन र व्यवस्थापन एक प्रमुख कार्य हो । यसरी खोलिएको पुस्तकालयमा विभिन्न विषयहरुमा जानकारी लिने काम हुन्छ । यो शैक्षिक पद्धतिको एक महत्वपूर्ण काम हो । यसले समुदायका सिकारु, सर्वसाधारण, जानिफकार तथा शिक्षाप्रेमी र जानकारी लिन इच्छुक व्यक्तिलाई पाठ्यसामग्रीहरु तथा स्रोतहरु उपलब्ध गराउन मद्दत गर्दछ ।

पुस्तकालयले व्यक्तिलाई जीवन पर्यन्त शिक्षा लिन फुर्सदको समयमा अध्ययन गर्न मद्दत गर्दछ । पुस्तकालयले व्यक्तिलाई जीवन पर्यन्त शिक्षा लिन र फुर्सदको समयमा अध्ययन गर्न मद्दत पुऱ्याउँदछ । पुस्तकालय सामाजिक, शैक्षिक, संस्थागत, साँस्कृतिक, राजनीतिक, आर्थिक तथा पुरातात्विक ज्ञानको संग्रह हो । यसले औपचारिक शिक्षा लिन नपाएका साक्षर तथा नवसाक्षरहरुलाई विशेष सहयोग पुऱ्याउँदछ । अध्ययन गर्ने बानीको विकास गर्न,

स्वतन्त्र सिकाइ सीपको विकास गर्न, नवीनतम ज्ञान सीप सूचना तथा प्रविधिसँग परिचित भई उपयोग गर्न सामुदायिक सचेतना अभिवृद्धि गर्न पुस्तकालयको स्थापना सञ्चालन तथा व्यवस्थापन गर्न अत्यावश्यक भएको छ ।

मैनाली (२०६६) को 'शिक्षक' मासिकमा प्रकाशित 'पुस्तकालय बनाउने र चलाउने सीप' शीर्षकको लेखले नेपालका विद्यालयहरुका सन्दर्भमा पुस्तकालयको तहगत महत्व र अवस्थाका सैद्धान्तिक र वयवहारिक दुवै पक्षलाई प्रस्तुत गरेको पाइन्छ । यस लेखमा पुस्तकालयको सञ्चालन र व्यवस्थापनका लागि पुस्तकालय सञ्चालक समिति, पुस्तकालय भवन, कोठा र फर्निचरको व्यवस्था, पुस्तक राख्ने तथा प्रदर्शन गर्ने दराज, पुस्तकालयमा सङ्ग्रहीत सामग्री छनोट, पुस्तक तथा सामग्रीहरुको विवरण, पुस्तकहरुको वर्गीकरण, पुस्तक रखाई/प्रयोग /उपयोग /कार्ड राख्ने तरिका/लेनदेन र सुरक्षा जस्ता कुराहरुसँग सम्बन्धित सैद्धान्तिक एवं व्यवहारिक ज्ञानलाई सुक्ष्म ढंगले प्रस्तुत गरेको पाइन्छ । प्रस्तुत लेखले पुस्तकालयको स्थापना, सञ्चालन, व्यवस्थापन र सुरक्षा गर्न आवश्यक पर्ने न्यूनतम पूर्वाधारहरुको परिचयका साथै तिनीहरुको लागि आवश्यक मापदण्ड समेत प्रस्तुत गरेको छ।

गिरी (२०६७) ले "पुस्तकालय व्यवस्थापनको प्रभावकारिता" शीर्षक अन्तर्गतको शोधपत्रमा उल्लेख गरे अनुसार अन्तर्गत पुस्तकालयको प्रभावकारी ढगले विकास नहुनुको प्रमुख कारण व्यवस्थापन नै हो भन्ने कुरा सुक्ष्म ढंगले अध्ययन गरेको पाइन्छ । जसमा विद्यार्थी संख्याका आधारमा पुस्तकहरु उपलब्ध नहुनु, भएका पुस्तक पनि विभिन्न समयमा हुने कोर्स परिवर्तनका कारण काम नलाग्ने हुनु, विद्यार्थी संख्याको आधारमा कर्मचारी कम हुनु, भएका कर्मचारीको उचित सेवा सुविधा नहुनु, पुस्तकालयमा वाचनालयको अभाव हुनु, भौतिक साधन तथा स्रोतको अभाव रहनु, नयाँ सूचना प्रविधिको प्रयोग नहुनु, विद्यार्थीहरुले पुस्तक लगेर फिर्ता नगर्नु, पुस्तकको रेकर्ड चुस्त दुरुस्त राख्न नसक्नु आदि व्यवस्थापनका कमि कमजोरी हुन् भनी विश्लेषणात्मक रुपमा प्रस्तुत गरेको पाइन्छ । पुस्तकालयको व्यवस्थापन प्रभावकारी बनाउन कर्मचारीको थप व्यवस्था गर्नुपर्ने, सेवासुविधा वृद्धि गर्दै जानुपर्ने, कर्मचारीलाई तालिम तथा विभिन्न सेमिनारमा सहभागि गराई पुस्तकालयमा डिजिटल प्रविधिको प्रयोग गर्नुपर्ने, समयसापेक्ष पुस्तकहरुको व्यवस्था गर्नुपर्ने, पुस्तकालयलाई अझ व्यवस्थि तगर्न प्राध्यापक, क्याम्पस सञ्चालक समिति, अभिभावक, विद्यार्थीहरुले सामुहिक पहल गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

## २.२ सैद्धान्तिक ढाँचा

अध्ययनलाई विस्वासनीय र भरपर्दो बनाउन विश्वका ख्यातिप्राप्त र प्रचलित व्यक्तित्व एफ. डब्लु टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (Scientific Management Theory) एस.आर. रङ्गनाथको 'पुस्तकालय एक विकासशील संस्था हो' (Library is a growing organization) भन्ने सिद्धान्त लगायतका सिद्धान्तहरुमा यो अध्ययन आधारित रहने छ ।

एफ. डब्लु. टेलरद्वारा Scientific Management Theory प्रतिपादन गरिएको हो । उनका अनुसार "वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती तरिकाले सम्पन्न सक्छन् भन्ने कुरा सही ढंगले जान्ने कला हो ।" बीसौं शताब्दीका सुरुमा वर्षहरुमा उत्पादकत्व बढाउने कार्य दक्ष कामदारहरुको भएकोले कार्यक्षमता बढाएर उत्पादन बढाउने चुनौती थियो । त्यसबेला कामदारको कार्यक्षमता बढाउने उद्देश्यले नै वैज्ञानिक व्यवस्थापन शुरुवात भयो ।

टेलरको सिद्धान्त अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्दछ, कामदार आफैंले काम धान्ने परम्परा छुट्टयाएर वैज्ञानिक ढंगले कामदार छनौट गर्ने र छानिएका कामदारहरुलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनु पर्दछ, वैज्ञानिक ढंगबाट काम हुनेगरी व्यवस्थापक र कामदारबीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्नुपर्दछ, कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नुपर्दछ, वैज्ञानिक ढंगले ज्याला निर्धारण गर्नुपर्दछ, बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्दछ । कामदार र व्यवस्थापकबीच स्पष्ट कार्य विभाजन गर्नुपर्दछ र कामदार एवं व्यवस्थापककाबीच स्पष्ट कार्य विभाजन गरी कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्यागनुपर्दछ (कोइराला, श्रेष्ठ, २०५९ मा उद्धृत )।

रङ नाथ, एस.आर (२०६५), पुस्तकालय एक विकासशील संस्था हो भन्ने सिद्धान्त एस.आर. रङ्गनाथद्वारा प्रतिपादित सिद्धान्त हो । यस सिद्धान्तले पुस्तकालयको स्थायित्वको प्रमाण दिन्छ र यस्तो स्थायी संस्थाको स्थान दूरदर्शी व्यवस्थापनामा जोड दिएको छ । यो स्थायी संस्था भएको हुनाले पाठकहरुको संख्या निरन्तर वृद्धि हुन्छ, पुस्तकहरु निरन्तर रुपमा बढिरहन्छन्। त्यसैले समयमै पुनर्योजनामा विचार पुऱ्याउनु पर्दछ भन्ने सन्देश दिन्छ । यसका लागि यस सिद्धान्तले पुस्तकालय भवनमा यथेष्ट ठाउँ राख्ने प्रावधान हुनुपर्ने, पछि थपिने पुस्तकहरु राख्ने ठाउँ,पाठकहरु बस्ने ठाउँ, थप कर्मचारीका लागि काम गर्ने ठाउँ एवं समयानुसार विविध उपकरणहरु थपिने भएकाले पुस्तकालयमा पहिल्यै त्यसको सोच पुऱ्याउनु पर्ने,

समयको माग अनुसार सेवाको विस्तार गर्दै जानुपर्ने, उपहारमा पाएको भन्दैमा जे पायो त्यही सामग्री लिएर पुस्तकालयको ठाउँको दुरुपयोग नगर्ने, फर्निचर र अन्य उपकरण यथेष्ट हुनुपर्ने, बढ्दो पुस्तक संख्या, बढ्दो पाठक संख्याको ख्याल गरी फर्निचरको अग्रिम व्यवस्था गर्नुपर्ने, हरेक वर्ष वजेट बढाउनुपर्ने, पाठक संख्यामा वृद्धि र पुस्तक संख्या थप खरीद आदिका लागि यथेष्ट रकमको व्यवस्था गर्नुपर्ने जस्ता कुरामा विशेष जोड दिएको पाइन्छ (अधिकारी, २०६५मा उद्धृत) ।

## २.३ पुनारावलोकनको उपादेयता

पुस्तकालय व्यवस्थापनको प्रभावकारिता सम्बन्धी विभिन्न सिद्धान्तहरु तथा पूर्व साहित्यको पुनरावलोकनबाट यस शोधकार्यलाई महत्वपूर्ण मार्गनिर्देशहरु प्राप्त भएका छन् ।

१) टेलर (१९११) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा उल्लेखित प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्ने कामदार आफैंले काम धान्ने परम्परा छुट्टयाएर वैज्ञानिक ढंगले कामदार छनौट गर्ने र छानिएका कामदारहरुलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनु पर्ने जस्ता महत्वपूर्ण पक्षहरुलाई सम्बन्धित शोधकार्यमा पुस्तकालय व्यवस्थापनमा जनशक्तिको व्यवस्थापन पाटोसँग सम्बद्ध गराई अध्ययनका निम्ति प्रयोग गरिएको छ ।

२. आठ दशक भन्दा अगाडि प्रकाशित रङ्गनाथका सिद्धान्तहरु आज पनि उत्तिकै सान्दर्भिक र र उपयोगी रहेका छन् । Peter Achinstein का अनुसार यी सिद्धान्तहरु प्रभावकारी हुनुमा यी सिद्धान्तहरुको सरलता, सङ्क्षिप्तता र कम सङ्खयामा हुनु नै हो । यसको मुख्य विशेषता भनेको यसले पुस्तकालयको सबै पक्षलाई राम्रोसँग समेटेको छ । पाठक, पुस्तक, पुस्तकालय, समय, भवन, फर्निचर र यहाँसम्म कि आधुनिक सूचना प्रविधिको समयमा पनि सान्दर्भिक र प्रयोग योग्य छन् ।

३. कुनैपनि शैक्षिक संस्थाको अभिन्न अंग भनेको पुस्तकालय नै हो । यसको अभावमा कुनै पनि शैक्षिक संस्थाको शैक्षणिक कार्य नै अधुरो तथा अपुरो हुन जान्छ । तसर्थ कुनै पनि शैक्षिक संस्थालाई सरल र सहज तथा प्रभावकारी ढंगले अघि बढाई त्यसको उच्च सफलताको लाभ लिनु छ भने उक्त शैक्षिक संस्थामा एक पुस्तकालय हुनु जरुरी छ । संस्थामा पुस्तकालय भएको खण्डमा मात्र उक्त शैक्षिक संस्थाको शिक्षण कार्य सफल तथा प्रभावकारी हुन्छ । शैक्षिक संस्था त छ तर उचित प्रकारको पुस्तकालयको व्यवस्था छैन भने उक्त शैक्षिक संस्थाको लक्ष्य पूरा हुन सक्दैन ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अध्ययन विधि अन्तर्गत अनुसन्धानको ढाँचा, जनसङ्ख्या, नमूनाको आकार, नमूना छनौट विधि, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलनका साधन र प्रक्रियाका बारेमा निम्नानुसार चर्चा गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शोध पत्र गुणात्मक र संख्यात्मक दुवै ढाँचामा तयार गरिएको छ । अध्ययनका क्रममा देखिएका अवस्था, प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण तथ्याङ्कीय र शाब्दिक दुवै रुपबाट गर्ने भएकोले यसलाई उल्लेखित दुवै ढाँचामा सम्पन्न गरिएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययनका लागि मोरङ जिल्ला शिक्षा कार्यालय अन्तर्गत केराबारी र सुकुना स्रोतकेन्द्रमा सञ्चालित सम्पूर्ण संस्थागत तथा सामुदायिक माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरुलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३ नमुना छनौट विधि र नमुनाको आकार

मोरङ जिल्लाका केराबारी र सुकुना स्रोतकेन्द्रका सामुदायिक र संस्थागत मा.वि.हरु मध्ये जम्मा ३० वटा विद्यालयहरुलाई उद्देश्यमूलक नमूना छनौट विधिबाट नमूनाको रुपमा छनौट गरिएको छ ।

ती विद्यालयहरुमा कार्यरत कर्मचारी, प्र.अ./प्राचार्य, वि.व्य.स.का अध्यक्ष र शिक्षकहरुको छनौट समेत Purposeful Sampling बाट गरिएको छ । जसअनुसार नमूनाको आकार यसप्रकार रहेको छ ।

तालिका १ : नमूनाको आकार

| क.सं. | स्रोतकेन्द्र | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | वि.व्य.स. अध्यक्ष | प्र.अ./प्राचार्य | शिक्षक | कर्मचारी |
|---|---|---|---|---|---|---|---|
| १. | सुकुना | १२ | १० | ५ | १० | १० | |
| २. | केराबारी | ८ | × | ५ | ५ | ५ | |
| जम्मा | | २० | १० | १० | १५ | १५ | |

## ३.४ नमुना छनौटको आधार

विद्यालयको भौगोलिक अवस्थिति, किसिम, तहगत संरचना, सूचना संकलनको सहजता आदिलाई आधारमानी नमूना छनौट गरिएको छ ।

## ३.५ अनुसन्धानको साधन

यस शोधकार्यमा निम्नलिखित साधनहरुको प्रयोग गरिएको छ ।

क) विद्यालय अवलोकन फाराम

ख) प्रश्नावली

## ३.६ तथ्याङ्का स्रोत

यस अध्ययनको लागि निम्नानुसारका तथ्याङकका स्रोतहरुको प्रयोग गरिएको छ ।

### ३.६.१ प्राथमिक स्रोतहरु

अध्ययनको प्राथमिक स्रोतहरु अन्तर्गत विद्यालयको सर्वेक्षणको क्रममा सूचना प्रदान गर्ने विद्यालयका आधकिरिक व्यक्तिहरु र प्रश्नावलीको जवाफ दिने सम्बन्धित सरोकारपक्षलाई राखिएको छ ।

### ३.६.२ द्वितीय स्रोतहरु

तथ्याङ्कको द्वितीय स्रोतको रुपमा पुस्तकालय अभिलेख, वि.व्य.स.का माइन्यूट र शिक्षक स्टाफका निर्णयहरु बाट प्राप्त सूचनाहरुलाई उपयोग गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

अध्ययनको क्रममा छनौट गरिएका संस्थागत तथा सामुदायिक विद्यालयहरुको पुस्तकालय व्यवस्थापनका विविध पक्षहरुलाई समेटी अध्ययनको उद्देश्य प्राप्तीका लागि विद्यालयहरुको स्थलगत सर्वेक्षणका साथै सरोकारवालाहरुसँगको प्रत्यक्ष भेट, छलफल, अन्तर्वार्ता र अवलोकन जस्ता विधिहरुको सहयोग लिइएको छ ।

### ३.८ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या

विद्यालय सर्वेक्षण फाराम र प्रश्नावलीको सहायताबाट प्राप्त तथ्याङ्क एवं सूचनालाई संख्यात्मक एवं गुणात्मक दुवै विधिको प्रयोग गरी व्याख्या एवं विश्लेषण गरिने छ। प्राप्त सूचनाहरुलाई संख्यात्मक रुपमा तालिकाबद्ध गरिनुका साथै स्तम्भ चित्र र वृत्त चित्रको प्रयोगबाट विश्लेषणात्मक प्रस्तुती गरिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा व्याख्या

यस खण्डमा प्राप्त तथ्याङ्क एवं अन्य जानकारीमूलक सूचनाहरुको विश्लेषण तथा व्याख्या गरिएको छ । अध्ययनका निम्ति छनौट गरिएको क्षेत्र वा सीमा अन्तर्गत रहेका विद्यालयहरुको पुस्तकालय व्यवस्थापन सम्बन्धी वस्तुगत अवस्थाको सर्वेक्षणबाट प्राप्त जानकारी एवं सम्बन्धित सरोकार पक्षहरुसँगको प्रत्यक्ष भेटघाटमा प्रश्नावलीको माध्यमबाट प्राप्त सूचनाको व्याख्या विश्लेषणको माध्यमद्वारा सामुदायिक तथा संस्थागत विद्यालयमा पुस्तकालय प्रबन्धको अवस्था, पुस्तकालय व्यवस्थापनका भौतिक, प्रशासनिक एवं आर्थिक पक्षका साथै पुस्तकालय व्यवस्थापनमा देखा परेका समस्याहरुको यथार्थ चित्रण गर्ने प्रयास यस खण्डमा गरिएको छ ।

## ४.१ पुस्तकालय व्यवस्थापनको अवस्था

प्रस्तुत अध्ययन मोरङ जिल्लाको उत्तरी खण्डमा अवस्थित सुकुना र केराबारी स्रोत केन्द्रमा आधारित रहेको हुँदा उक्त स्रोत केन्द्रहरुमा अवस्थित विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था अध्ययनका लागि समग्र मोरङ जिल्लाकै तथ्याङ्कसँग अध्ययन क्षेत्रको तुलना गरी तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २ : अध्ययन क्षेत्रमा अवस्थित विद्यालयहरुको संख्यात्मक विवरण

| क्र. | विद्यालयको | मोरङ जिल्ला | | सुकुनास्रोत केन्द्र | | केराबारी स्रोत केन्द्र | |
|---|---|---|---|---|---|---|---|
| सं. | किसिम | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| १. | प्रा.वि. | ५४८ | १४७ | ३६ | १८ | २२ | ७ |
| २. | नि.मा.वि. | २४८ | २७ | ८ | ० | ५ | २ |
| ३. | मा.वि. | १४१ | १३८ | ५ | १७ | ६ | ० |
| ४. | उ.मा.वि. | ४५ | २२ | ६ | २ | १ | ० |
| जम्मा | | ९८२ | ३३४ | ५५ | ३७ | ३४ | ९ |

स्रोतः जि.शि.का., मोरङ, २०६७

माथिको तालिकामा मोरङ जिल्लामा सञ्चालित कूल ६९५ प्राथमिक विद्यालयहरुमध्ये ५४८ सामुदायिक र १४७ संस्थागत रहेका छन् । निम्न माध्यमिक तह सञ्चालित विद्यालयहरुको

संख्या २७५ मध्ये २४८ सामुदायिक र २७ संस्थागत रहेको पाइयो । त्यस्तै माध्यमिक विद्यालयहरुको कूल संख्या मध्ये १४१ सामुदायिक र १३८ संस्थागत रहेको पाइयो । उच्च मा.वि.हरुको संख्यात्मक अवस्था हेर्दा कूल ६७ उच्च माध्यमिक विद्यालयहरुमध्ये ४५ वटा सामुदायिक र २२ वटा संस्थागत उच्च माध्यमिक विद्यालयहरुको संख्या रहेको पाइयो । उल्लेखित संख्या मध्ये सुकुना स्रोत केन्द्रमा ३६ सामुदायिक र १८ संस्थागत गरी जम्मा ५४ वटा प्राथमिक विद्यालय, ८ सामुदायिक र ० संस्थागत गरी जम्मा ८ वटा निम्न माध्यमिक विद्यालय, ५ सामुदायिक र १७ संस्थागत गरी जम्मा २२ वटा माध्यमिक विद्यालय र सामुदायिक तर्फ ६ र संस्थागत तर्फ २ गरी जम्मा ८ वटा उच्च माध्यमिक विद्यालय सञ्चालित अवस्थामा रहेको पाइन्छ ।

यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयहरुको पुस्तकालय व्यवस्थापनको वर्तमान अवस्थाहरुको निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ सामुदायिक विद्यालयहरुमा पुस्तकालयको अवस्था

अध्ययनका लागि छनौट गरिएका सुकुना तथा केराबारी स्रातकेन्द्र अन्तर्गत रहेका जम्मा २० वटा विद्यालयहरुको स्थलगत सर्वेक्षण गरी तयार पारिएको फारामको आधारमा सामुदायिक विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था निम्नानुसार रहेको पाइयो :

तालिका ३ : सामुदायिक विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था

| क्र.सं. | विकल्पहरु | विद्यालयको संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | पुस्तकालय भएको | ७ | ३५% | |
| २. | पुस्तकालय नभएको | १० | ५०% | |
| ३. | निर्मार्णाधिन | ३ | १५% | |
| | जम्मा | २० | १००% | |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार जम्मा २० वटा सामुदायिक विद्यालयहरु मध्ये ७ वटा (३५%) विद्यालयमा पुस्तकालयको प्रबन्ध भएको, १० वटा (५०%) विद्यालयहरुमा पुस्तकालय नभएको र ३ वटा (१५%) विद्यालयहरुमा पुस्तकालय निर्माण हुँदै गरेको अवस्था देखिएको छ । यस विवरणलाई तलको वृत्त चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

वृत्त चित्र १ : सामुदायिक विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था

स्रोत : स्थलगत अध्ययन, २०६७

प्रस्तुत वृत्त चित्रले सामुदायिक विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था सम्बन्धी यथार्थ चित्रण गरेको छ । वृत्त चित्र अनुसार १५ प्रतिशत विद्यालयहरुमा पुस्तकालयको प्रबन्ध भएको, ५० प्रतिशतमा नभएको र १५ प्रतिशत विद्यालयहरु पुस्तकालय निर्माणको क्रममा रहेको कुरा स्पष्ट हुन आउँछ ।

### ४.१.२ संस्थागत विद्यालयहरुमा पुस्तकालयको अवस्था

अध्ययनका निम्ति छनौट गरिएका स्रोतकेन्द्र मध्ये केराबारी स्रोतकेन्द्रमा सामुदायिकको तुलनामा संस्थागत विद्यालयहरुको संख्या कम रहेको पाइयो । उक्त स्रोतकेन्द्र अन्तर्गत हालसम्म एकमात्र पनि संस्थागत विद्यालय दर्ता नरहेकोले सुकुना स्रातकेन्द्र अन्तर्गत पर्ने जम्मा १० वटा संस्थागत विद्यालयहरुको छनौट स्थलगत सर्वेक्षणका आधारमा तयार पारिएको फारामको आधारमा संस्थागत विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था निम्नानुसार रहेको पाइयो :

तालिका ४ : संस्थागत विद्यालयहरुमा पुस्तकालयको अवस्था

| क.सं. | विकल्पहरु | विद्यालयको संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | पुस्तकालय भएको | ५ | ५०% | |
| २. | पुस्तकालय नभएको | १ | १०% | |
| ३. | निर्माणाधिन | ४ | ४०% | |
| | जम्मा | १० | १००% | |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार जम्मा १० वटा संस्थागत विद्यालयहरु मध्ये ५ वटा (५०%) विद्यालयमा पुस्तकालयको प्रबन्ध भएको, १ वटा (१०%) विद्यालयमा पुस्तकालय नभएको र

४ वटा (४०%) विद्यालयहरुमा पुस्तकालय निर्माण हुँदै गरेको अवस्था देखिएको छ। यस विवरणलाई तलको वृत्त चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

वृत्त चित्र २ : संस्थागत विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था

स्रोत : स्थलगत अध्ययन, २०६७

प्रस्तुत वृत्त चित्रले संस्थागत विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था सम्बन्धी यथार्थ चित्रण गरेको छ। वृत्त चित्रले ५० प्रतिशत संस्थागत विद्यालयहरुमा पुस्तकालयको प्रबन्ध भएको, १० प्रतिशतमा नभएको र ४० प्रतिशत विद्यालयहरु पुस्तकालय निर्माणको क्रममा रहेको कुरा दर्शाएको छ।

## ४.२ सामुदायिक र संस्थागत विद्यालयहरुमा पुस्तकालय प्रबन्धको व्यवस्थापनको तुलनात्मक अध्ययन

अध्ययनका निम्ति छनौट गरिएका २० सामुदायिक र १० संस्थागत विद्यालयमा पुस्तकालयको प्रबन्धको यथार्थ विवरणको तुलानात्मक अवस्थालाई तलको स्तम्भचित्रमा देखाइएको छ :

स्तम्भ चित्र १ : पुस्तकालय प्रबन्धको अवस्थाको तुलना

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको स्तम्भ चित्र अनुसार संस्थागत तर्फ ५० प्रतिशत एवं सामुदायिक तर्फ ३५ प्रतिशत मात्र विद्यालयमा पुस्तकालय भएको तथ्य स्पष्ट हुन आउँछ। त्यस्तै १० प्रतिशत मात्र

संस्थागत विद्यालयमा पुस्तकालय नभएको अवस्था छ भने ५० प्रतिशत सामुदायिक विद्यालय पुस्तकालय विहीन रहेको पाइन्छ । त्यसै गरी ४० प्रतिशत संस्थागत विद्यालय पुस्तकालय निर्माणका क्रममा छन् भने १५ प्रतिशत मात्र सामुदायिक विद्यालयहरु पुस्तकालय निर्माणमा जुटेको पाइन्छ ।

संस्थागत तथा सामुदायिक विद्यालयमा पुस्तकालय व्यवस्थापनका भौतिक, प्राशासनिक र आर्थिक पक्षहरुको अध्ययन गर्ने मूल उद्देश्य लिई गरिएको प्रस्तुत शोधकार्यमा विद्यालयहरुको स्थलगत अध्ययनका आधारमा उद्देश्यमूलक ढंगले संकलन गरिएको सूचनालाई अध्ययनको उद्देश्यसँग सम्बद्ध गराई विश्लेषणात्मक ढंगले यहाँ प्रस्तुत गरिएको छ ।

### ४.२.१ भौतिक पक्ष

अध्ययनको लागि छनौट गरिएका संस्थागत एवं सामुदायिक विद्यालयहरुमा रहेका पुस्तकालयको भौतिक अवस्था सम्बन्धी प्राप्त सूचनालाई यहाँ तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ । पुस्तकालयको भौतिक व्यवस्थापनसँग सम्बन्धित भवन, फर्निचर, कम्प्युटर प्रविधिको प्रयोग र अध्ययन कक्षा जस्ता बढी महत्वपूर्ण कुराहरुलाई मात्र अध्ययनमा समेटिएको हुनाले सो को विवरण मात्र यहाँ प्रस्तुत गरिएको छ । जो यस प्रकार छ :

तालिका ५ : पुस्तकालयको भौतिक व्यवस्थापन

| क.सं. | विवरण | विकल्पहरु | संस्थागत (५) | | सामुदायिक (५) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | प्राप्त जवाफ | प्रतिशत | प्राप्त जवाफ | प्रतिशत | |
| १. | कोठा/भवनको आकार र स्थान | अत्युत्तम | १ | २०% | - | ०% | |
| | | उत्तम | १ | २०% | १ | २०% | |
| | | मध्यम | २ | ४०% | २ | ४०% | |
| | | सामान्य | १ | २०% | २ | ४०% | |
| क.सं. | विवरण | विकल्पहरु | संस्थागत (५) | | सामुदायिक (५) | | |
| | | | प्राप्त जवाफ | प्रतिशत | प्राप्त जवाफ | प्रतिशत | कैफियत |
| २. | फर्निचर | अत्युत्तम | २ | ४०% | - | ०% | |
| | | उत्तम | २ | ४०% | १ | २०% | |
| | | मध्यम | १ | २०% | १ | २०% | |
| | | सामान्य | - | ०% | ३ | ६०% | |
| ३. | कम्प्युटर प्रविधिको प्रयोग | अत्युत्तम | - | ०% | - | ०% | |
| | | उत्तम | - | ०% | - | ०% | |
| | | मध्यम | ३ | ६०% | २ | ४०% | |
| | | सामान्य | २ | ४०% | ३ | ६०% | |
| ४. | अध्ययन कक्षको व्यवस्था | अत्युत्तम | - | ०% | - | ०% | |
| | | उत्तम | - | ०% | - | ०% | |
| | | मध्यम | २ | ४०% | १ | २०% | |
| | | सामान्य | ३ | ६०% | ४ | ८०% | |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिकामा संस्थागत तथा सामुदायिक विद्यालयमा अवस्थित पुस्तकालयको व्यवस्थापनमा प्रभाव पार्ने भौतिक पक्षको तुलनात्मक अध्ययन गर्ने क्रममा कक्षाकोठा, भवनको आकार र स्थानको अवस्था हेर्दा सामुदायिक विद्यालयमा अत्युत्तम भएको पाइएन भने संस्थागत विद्यालयमा २०% जति अत्युत्तम रहेको पाइन्छ। त्यसैगरी सम्बन्धित सरोकारवालाहरुसँग सोध्दा कोठा, भवनको आकार र स्थान दुवै सामुदायिक र संस्थागत

विद्यालयमा मध्यम र सामान्यमा बराबर नै भएको पाइयो । यसबाट के थाहा हुन्छ भने सामुदायिक र संस्थागत विद्यालयको समग्र कक्षाकोठा, भवनको आकार र स्थान हेर्दा संस्थागत विद्यालयको अवस्था सामुदायिक विद्यालयको तुलनामा केही राम्रो देखिन्छ । त्यसैगरी भौतिक पक्ष अन्तर्गत पर्ने फर्निचरको अवस्थालाई तुलनात्मक रुपमा अध्ययन गर्दा संस्थागत विद्यालयहरु सामुदायिक विद्यालयहरुको तुलनामा निकै राम्रो भएको पाइयो । संस्थागत विद्यालयहरुमा पुस्तकालयको फर्निचरको व्यवस्थापन गर्न भनि छुट्टै शुल्क लिने गरेको कारणले गर्दा नै यहाँको फर्निचर व्यवस्थापन राम्रो रहेको छ भने सामुदायिक विद्यालयमा छुट्टै शुल्क पनि नलिने र व्यवस्थापनमा पनि चासो नदेखाउने कारणले गर्दा यहाँको फर्निचर व्यवस्थापन कमजोर रहेको पाइयो । पुस्तकालयलाई आधुनिक ढंगले सञ्चालन गर्न पुस्तकालयमा कम्प्युटर प्रविधिको प्रयोग हुनु पनि आवश्यक पर्दछ । कम्प्युटर प्रविधिको प्रयोग गर्ने क्रममा भने सामुदायिक र संस्थागत विद्यालय दुवैको अवस्था कमजोर नै देखिन्छ तथापि केही संस्थागत विद्यालयमा राम्ररी नै कम्प्युटरको प्रयोग गरेको पाइयो भने सामुदायिक विद्यालयमा केवल देखावटी रुपमा सञ्चालन गरेको देखिन्छ । त्यसैगरी पुस्तकालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अध्ययन कक्षको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुने गर्दछ । अध्ययन कक्षको अवस्था अध्ययन गर्दा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन कक्षको व्यवस्थापन उत्तम रुपमा नभएको भएता पनि केही हदसम्म भने सुरुवात भएको पाइयो । यस पक्षमा पनि संस्थागत विद्यालयहरु सामुदायिक विद्यालयको तुलनामा बढी सवल देखिन्छन् । यसरी पुस्तकालयको व्यवस्थापन अन्तर्गत आवश्यक पर्ने भौतिक पक्षलाई तुलनात्मक रुपमा विश्लेषण गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा भौतिक पक्ष केही सवल भएको देखिन्छ ।

### ४.२.२ प्रशासनिक पक्ष

पुस्तकालय व्यवस्थापनको प्रशासनिक पक्ष अन्तर्गत पुस्तकालयको प्रत्यक्ष रेखदेख, पुस्तक तथा सन्दर्भ सामग्रीको नियमित संकलन र संरक्षण, पुस्तकालय सञ्चालनको समय र कर्मचारीको व्यवस्थाको अवस्था अध्ययनलाई प्रस्तुत शोधकार्यले मुख्य रुपमा जोड दिएको छ । उल्लेखित विषयहरुमा विद्यालयको स्थलगत अध्ययनबाट प्राप्त सुचनालाई तालिकाबद्ध रुपमा तुलना गरी तल प्रस्तुत गरिएको छ ।

तालिका ६ : पुस्तकालयको प्रशासनिक व्यवस्थापन

| क.सं. | विवरण | विकल्पहरु | संस्थागत (५) | | सामुदायिक (५) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | प्राप्त जवाफ | प्रतिशत | प्राप्त जवाफ | प्रतिशत | |
| १. | पुस्तकालयको प्रत्यक्ष रेखदेख | अत्युत्तम | २ | ४०% | १ | २०% | |
| | | उत्तम | २ | ४०% | १ | २०% | |
| | | मध्यम | १ | २०% | २ | ४०% | |
| | | सामान्य | - | ०% | १ | २०% | |
| क.सं. | विवरण | विकल्पहरु | संस्थागत (५) | | सामुदायिक (५) | | कैफियत |
| | | | प्राप्त जवाफ | प्रतिशत | प्राप्त जवाफ | प्रतिशत | |
| २. | पुस्तकालय सञ्चालनको समय | अत्युत्तम | १ | २०% | - | ०% | |
| | | उत्तम | २ | ४०% | २ | ४०% | |
| | | मध्यम | २ | ४०% | २ | ४०% | |
| | | सामान्य | - | ०% | १ | २०% | |
| ३. | सामग्रीको संकलन र संरक्षण | अत्युत्तम | - | ०% | - | ०% | |
| | | उत्तम | २ | ४०% | १ | २०% | |
| | | मध्यम | २ | ४०% | ३ | ६०% | |
| | | सामान्य | १ | २०% | १ | २०% | |
| ४. | कर्मचारीको व्यवस्था | अत्युत्तम | - | ०% | - | ०% | |
| | | उत्तम | - | ०% | १ | २०% | |
| | | मध्यम | १ | २०% | २ | ४०% | |
| | | सामान्य | ४ | ८०% | २ | ४०% | |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिकामा संस्थागत तथा सामुदायिक विद्यालयमा अवस्थित पुस्तकालयहरुको व्यवस्थापकीय पक्ष अन्तर्गत प्रशासनिक पक्षको तुलनात्मक प्रस्तुतीकरण गरिए अनुरुप संस्थागत विद्यालयहरुको पुस्तकालय सञ्चालनका क्रममा पुस्तकालयको प्रत्यक्ष रेखदेख गर्ने कार्यको लेखाजोखा गर्दा संस्थागत विद्यालयहरु सामुदायिक विद्यालयहरुको तुलनामा निकै सवल रहेको पाइयो जसको कारण संस्थागत विद्यालयहरुले अभिभावकको लगानी अनुरुपको प्रतिफल दिनुपर्ने चुनौती र जवाफदेहिता रहेको पाइन्छ। पुस्तकालय सञ्चालनको समयलाई

समयावधि र निरन्तरताको मापदण्ड राखी तुलनात्मक अध्ययन गर्दा संस्थागत र सामुदायिक विद्यालयमा खासै अन्तर पाइएन तथापि संस्थागत विद्यालयहरु यस कुरामा सामुदायिक विद्यालयहरुभन्दा थप नियमित देखिन्टन् । सामग्रीको संकलन र संरक्षण अवस्थाको तुलनात्मक अवस्थाको अध्ययन गर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयहरुमा अध्ययन सामग्रीहरु बढी उपलब्ध हुने अवस्था रहेता पनि सरोकारवालाहरुको उदासीनताका कारण हुनसक्छ तिनीहरु संस्थागत विद्यालयको दाँजोमा पुगेको देखिँदैन । सामुदायिक विद्यालयहरुमा सामग्री संकलन पर्याप्त हुने गरेको भए पनि तिनको संरक्षणको ठोस रणनीति रहेको पाइँदैन । त्यसैले सामग्री संरक्षणको मामिलामा सामुदायिक विद्यालयहरु निकै कमजोर परिस्थितिबाट गुज्रिएको देखिन्छ । पुस्तकालयको प्रशासनिक मजबुतीकरणको अर्को महत्वपूर्ण पक्ष हो कर्मचारी व्यवस्थापन । अध्ययनका क्रममा सामुदायिक र संस्थागत विद्यालयमा कर्मचारीको व्यवस्थापन कस्तो रहेको छ भन्ने कुरालाई तुलनात्मक रुपले विश्लेषण गर्दा सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयहरुका कर्मचारीको उचित व्यवस्था भएको पाइएन । तर कतिपय सामुदायिक विद्यालयहरुमा भने लेखापाल, विद्यालय सहयोगी जस्ता कर्मचारीहरुले नै पुस्तकालयको रेखदेख र सञ्चालन गरेको हुँदा अवस्था सन्तोषजनक रहेको पाइयो । संस्थागत विद्यालयहरुमा भने हालसम्म शिक्षक वा सहयोगी कर्मचारीको सहयोगमा पुस्तकालय सञ्चालनमा रहेको कुरा अवगत भएको छ ।

### ४.२.३ आर्थिक पक्ष

पुस्तकालय व्यवस्थापनको अर्को महत्वपूर्ण पाटो आर्थिक व्यवस्थापनलाई संस्थागत तथा सामुदायिक विद्यालयको सन्दर्भमा अध्ययन गर्ने क्रममा स्थलगत अध्ययन, अवलोकन एवं प्रश्नावलीको माध्यमबाट प्राप्त सूचनालाई अध्ययनको यस अंशमा विश्लेषण गर्ने जमर्को गरिएको छ । पुस्तकालय व्यवस्थापनका लागि आर्थिक स्रोतको अवस्था, आर्थिक स्रोतको पहिचान, परिचालन व्यवस्थापनको प्रक्रिया संस्थागत वा सामुदायिक कुन प्रकारका विद्यालयहरुमा बढी व्यवस्थित रहेको छ भन्ने विषयमा केन्द्रित रही संकलन गरिएका सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ : पुस्तकालयको आर्थिक व्यवस्थापन

| क.सं. | विवरण | विकल्पहरु | संस्थागत (५) | | सामुदायिक (५) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | प्राप्त जवाफ | प्रतिशत | प्राप्त जवाफ | प्रतिशत | |
| १. | पुस्तकालय सञ्चालनको लागि आर्थिक स्रोत | अत्युत्तम | २ | ४०% | १ | २०% | |
| | | उत्तम | २ | ४०% | १ | २०% | |
| | | मध्यम | १ | २०% | २ | ४०% | |
| | | सामान्य | - | ०% | १ | २०% | |
| २. | आर्थिक स्रोतको पहिचान र परिचालन | अत्युत्तम | १ | २०% | - | ०% | |
| | | उत्तम | २ | ४०% | २ | ४०% | |
| | | मध्यम | २ | ४०% | २ | ४०% | |
| | | सामान्य | - | ०% | १ | २०% | |
| क.सं. | विवरण | विकल्पहरु | संस्थागत (५) | | सामुदायिक (५) | | कैफियत |
| | | | प्राप्त जवाफ | प्रतिशत | प्राप्त जवाफ | प्रतिशत | |
| ३. | सहयोग, अनुदानको अवस्था | अत्युत्तम | - | ०% | - | ०% | |
| | | उत्तम | २ | ४०% | १ | २०% | |
| | | मध्यम | २ | ४०% | ३ | ६०% | |
| | | सामान्य | १ | २०% | १ | २०% | |

स्रोत : स्थलगत अध्ययन, २०६७

तालिकामा संस्थागत तथा सामुदायिक विद्यालयमा अवस्थित पुस्तकालयहरुको व्यवस्थापकीय पक्ष अन्तर्गत आर्थिक पक्षको तुलनात्मक प्रस्तुतीकरण गरिएको छ । तालिका अनुसार संस्थागत विद्यालयहरुको पुस्तकालय सञ्चालनको लागि आर्थिक स्रोतको व्यवस्थापन कस्तो रहेको छ भन्ने कुराको प्रतिक्रियामा क्रमशः ४०% अत्युत्तम, ४०% उत्तम, २०% मध्यम र ०% सामान्य भनी जवाफ आएको र सामुदायिक विद्यालय तर्फ क्रमशः २०% अत्युत्तम, २०% उत्तम, ४०% मध्यम र २०% सामान्य रहेको अवस्था बोध भए अनुसार यसको तुलनात्मक अवस्था हेर्दा आर्थिक स्रोतको हिसाबले संस्थागत विद्यालयहरु सामुदायिक विद्यालयको तुलनामा केही मजबुत् रहेको देखिन्छ । पुस्तकालय सञ्चालनको लागि आर्थिक स्रोतको पहिचान र परिचालनको अवस्था कस्तो रहेको छ भन्ने प्रश्नको जवाफमा संस्थागत विद्यालयहरुका सरोकारवालाहरुबाट क्रमशः २०% अत्युत्तम, ४०%

उत्तम, ४०% मध्यम र ०% सामान्य र सामुदायिक विद्यालय तर्फ क्रमशः ०% अत्युत्तम, ४०% उत्तम, ४०% मध्यम र २०% सामान्य रहको प्रतिक्रियाबाट पुस्तकालय सञ्चालानार्थ प्राप्त आर्थिक स्रोतलाई परिचालन र व्यवस्थापन गर्ने कुरामा पनि संस्थागत विद्यालयहरु सामुदायिक विद्यालयहरुको तुलनामा बढी सवल रहेको कुरा अवगत हुन आउँछ। पुस्तकालयमा पुस्तक तथा सन्दर्भ सामग्रीको संकलन तथा संरक्षणको अवस्था विश्लेषण गर्दा संस्थागत विद्यालयहरुमा क्रमशः अत्युत्तम - ०%, उत्तम - ४०%, मध्यम - ४०% र सामान्य - २०% र सामुदायिक तर्फ अत्युत्तम - ०%, उत्तम - २०%, मध्यम - ६०% र सामान्य - २०% रहेको अवस्था विश्लेषणबाट पुस्तकालयमा सामग्री संकलन र संरक्षणको अवस्था संस्थागत र सामुदायिक दुवै किसिमका विद्यालयहरुमा खासै सन्तोषजनक नभएतापनि तुलनात्मक रुपमा संस्थागत विद्यालयहरु नै अघि बढेको देखिन्छ। त्यसै गरी पुस्तकालय सञ्चालनका लागि प्राप्त हुने आर्थिक सहयोग, अनुदानको अवस्था कस्तो किसिमको रहेको छ भन्ने कुराको अध्ययन बाट संस्थागत विद्यालयहरुमा क्रमशः अत्युत्तम - ०%, उत्तम - २०%, मध्यम - ४०% र सामान्य - ४०% तथा सामुदायिक तर्फ अत्युत्तम - ०%, उत्तम - ४०%, मध्यम - ४०% र सामान्य - २०% देखिएबाट अर्थिक सहयोग र अनुदानको सम्भाव्यता सामुदायिक विद्यालयहरुमा नै बढी रहेको पाइन्छ। तथापि प्राप्त आर्थिक सहयोग र अनुदानको सही उपयोग भने हुन सकेको देखिँदैन।

## ४.३ पुस्तकालय व्यवस्थापनमा देखापरेका समस्याहरु

पुस्तकालय कुनैपनि शैक्षिक संस्थाको गहना भएकाले यसको व्यवस्थापनमा ध्यान पुऱ्याउनु अपरिहार्य हुन्छ। व्यवस्थापकीय पाटो मजबुत बनाउन चाहेर पनि त्यसका लागि विभिन्न कुराहरु बाधकको रुपमा लेखा पर्न सक्छन्। प्रस्तुत शोध कार्यमा संस्थागत तथा सामुदायिक विद्यालयहरुमा सञ्चालित पुस्तकालयहरुको स्थलगत अध्ययन गरी पुस्तकालय सञ्चालन र व्यवस्थापनको जिम्मेवारी वहन गर्ने विद्यालय प्रशासन लगायत अन्य सरोकारवाला वि.व्य.स. पदाधिकारी, शिक्षक, विद्यार्थी सँग प्रत्यक्ष भेट प्रश्नावलीको माध्यमबाट सम्बन्धित विद्यालयमा सञ्चालित पुस्तकालयको व्यवस्थापनमा देखा परेका जल्दाबल्दा समस्याहरुको पहिचान गर्नका लागि गरिएको प्रयत्न स्वरुप प्राप्त प्रतिक्रियाहरुको यस खण्डमा विश्लेषण एवं व्याख्या गरिएको छ।

विद्यालयका प्र.अ., वि.व्य.स. पदाधिकारी, शिक्षक र विद्यार्थी गरी जम्मा ४० (संस्थागत तर्फ १० जना र सामुदायिक तर्फ ३० जना सरोकारवालाहरुसँग पुस्तकालय व्यवस्थापनमा देखा परेका समस्याको सन्दर्भमा सोधिएको प्रश्नको प्रतिक्रिया निम्नानुसार रहेको छ :

तालिका : ८ पुस्तकालय व्यवस्थापनका समस्याहरु

| क्र. सं. | प्रश्न | विकल्पहरु | संस्थागत (१०) | | सामुदायिक (३०) | |
|---|---|---|---|---|---|---|
| | | | प्राप्त जवाफ | प्रतिशत | प्राप्त जवाफ | प्रतिशत |
| १. | पुस्तकालय व्यवस्थापनमा कत्तिको समस्याहरु छन् ? | प्रसस्तै छन् | ३ | ३०% | २४ | ८०% |
| | | खासै छैनन् | ६ | ६०% | ६ | २०% |
| | | कुनै समस्या छैन | १ | १०% | ० | ०% |
| क्र. सं. | प्रश्न | विकल्पहरु | संस्थागत (१०) | | सामुदायिक (३०) | |
| | | | प्राप्त जवाफ | प्रतिशत | प्राप्त जवाफ | प्रतिशत |
| २. | पुस्तकालय व्यवस्थापनको सबैभन्दा | भौतिक पक्ष | ५ | ५०% | ९ | ३०% |
| | | प्रशासनिक पक्ष | ३ | ३०% | ४ | १३.३३% |
| | | आर्थिक पक्ष | २ | २०% | १७ | ५६.६७% |
| ३. | सबैभन्दा बढी देखिएको समस्या ? | पुस्तक अभाव | ३ | ३०% | १३ | ४३.३३% |
| | | भवन तथा फर्निचर | ४ | ४०% | ९ | ३०% |
| | | जनशक्ति | ३ | ३०% | ८ | २६.६७% |

स्रोत : स्थलगत अध्ययन, २०६७

पुस्तकालय सञ्चालन गरेका संस्थागत एवं सामुदायिक विद्यालयका सरोकारवालाहरुबाट प्राप्त प्रतिक्रियाको तालिकामा उल्लेखित विवरणबाट पुस्तकालय व्यवस्थापनमा समस्या भए नभएको सम्बन्धमा संस्थागत तर्फ ३०% को धारणामा प्रसस्तै छन् भन्ने, ६०% को धारणा खासै छैनन् भन्ने र १०% ले कुनै समस्या छैन भन्ने प्रतिक्रिया पाइयो भने सामुदायिक विद्यालय तर्फ ८०% ले प्रसस्तै समस्या रहेको, २०% ले खासै समस्या नभएको र ०% ले कुनै समस्या नभएको प्रतिक्रिया दिएको पाइन्छ। पुस्तकालय व्यवस्थापनको सबैभन्दा समस्यामूलक पक्ष कुन रहेछ भन्ने जिज्ञासाको प्रतिक्रिया स्वरुप प्राप्त जवाफमा संस्थागत विद्यालय तर्फ ५०% को धारणामा भौतिक पक्ष, ३०% को धारणामा प्रशासनिक पक्ष र २०%

ले आर्थिक समस्या दर्शाएको पाइयो भने सामुदायिक विद्यालय तर्फ ३०% को धारणामा भौतिक पक्ष, १३.३३% को धारणामा प्रशासनिक पक्ष र ५६.६७% ले आर्थिक पक्षलाई सबैभन्दा समस्यामूलक पक्षको रुपमा लिएको पाइन्छ। त्यसैगरी पुस्तकालय व्यवस्थापनमा सबैभन्दा बढी देखिएको समस्याको रुपमा संस्थागत विद्यालयका संस्थागत विद्यालयका सरोकारवालाहरु मध्ये ३०% ले पुस्तक अभाव, ४०% ले भवन तथा फर्निचर र ३०% ले जनशक्ति अभावलाई लिएको पाइयो भने सामुदायिक विद्यालय तर्फ भने ४३.३३% ले पुस्तक अभाव, ३०% ले भवन तथा फर्निचर र २६.६७% ले जनशक्ति अभावलाई लिएको देखिन्छ। संस्थागत विद्यालय र सामुदायिक विद्यालयका पुस्तकालय व्यवस्थापनमा कत्तिको समस्या छन् भन्ने प्रश्नमा सरोकारवालाहरुबाट प्राप्त जवाफलाई तलका वृत्तचित्रको माध्यमबाट थप तुलनात्मक अध्ययन गर्न सकिन्छ।

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिका वृत्त चित्रहरुले संस्थागत तथा सामुदायिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनका समस्याहरुको मौजुदा स्थिति स्पष्ट पारेका छन्। वृत्तचित्रमा तुलनात्मक हिसाबले हेर्दा प्रसस्तै समस्या हुने सामुदायिक विद्यालयको प्रतिशत (८०%) संस्थागतको (३०%) भन्दा भण्डै तेब्बर रहेको देखिन्छ। त्यस्तै खासै समस्या नहुनेमा पनि संस्थागतको (६०%) सामुदायिकको (२०%) भन्दा तेब्बर रहेको छ। समस्या नै नभएका संस्थागत विद्यालय १०% भेटिए भने समस्या नभएका सामुदायिक विद्यालय नै छैनन्।

संस्थागत र सामुदायिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनमा देखिएको सबैभन्दा समस्यामूलक पक्षको विश्लेषणलाई निम्नानुसार वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिका वृत्तचित्रहरुले तुलनात्मक रुपमा संस्थागत तथा सामुदायिक विद्यालयहरुको पुस्तकालय व्यवस्थापनका समस्यामूलक पक्षहरुको अवस्था चित्रण गरेका छन् । जस अनुसार संस्थागत विद्यालयहरुमा भौतिक पक्ष (५०%) लाई सबैभन्दा बढी समस्यामूलक पक्षको रुपमा रहेको छ भने सामुदायिक विद्यालयहरुमा भने आर्थिक पक्ष (५६.६७%) सबैभन्दा समस्यामूलक पक्ष हो ।

त्यसै गरी दुवै प्रकारका विद्यालयहरुमा सञ्चालित पुस्तकालयको व्यवस्थापनमा देखिएको व्यवहारिक समस्या के रहेछ भन्ने जिज्ञासाको प्रतिक्रियाको आधारमा प्राप्त जानकारीको विश्लेषणात्मक प्रस्तुति तलको वृत्त चित्र मार्फत गरिएको छ ।

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको वृत्त चित्र अनुसार संस्थागत विद्यालयहरुमा देखा पर्ने सबैभन्दा ठूलो व्यावहारीक समस्यामा भवन तथा फर्निचर (४०%) रहेको देखिन्छ । सामुदायिक तर्फ भने पुस्तक अभाव (४३.३३%) सबैभन्दा ढूलो समस्याको रुपमा रहेको पाइन्छ । त्यस्तै संस्थागतमा पुस्तक अभाव (३०%) र पुस्तक अभाव (३०%) को समस्या समान रुपले सामना गनुपरिरहेको अवस्था देखिन्छ । सामुदायिक विद्यालयमा भने भवन तथा फर्निचरको समस्या ३०% र जनशक्तिको समस्या २६.२७% रहेकोले अवस्था फरक रहेको देखिन्छ ।

### ४.३.१ पुस्तकालय व्यवस्थापन सम्बन्धी सरोकारवालाहरुले औंल्याएका समस्याहरु

अध्ययनको क्रममा संस्थागत विद्यालय तथा सामुदायिक विद्यालयको प्रशासकीय दायित्व वहन गर्ने प्र.अ./प्रिन्सिपल, वि.व्य.स. पदाधिकारी, शिक्षक तथा विद्यार्थी सँग प्रत्यक्ष भेट गरी प्रश्नावलीको माध्यमबाट पुस्तकालय व्यवस्थापनमा देखिएका समस्याहरु संकलन गर्ने प्रयास गरी प्राप्त सूचनालाई समग्र रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

अध्ययनका क्रममा संस्थागत विद्यालयका सरोकारवालाहरुले औंल्याएका समस्याहरु निम्नानुसार रहेकाछन् :

क) पुस्तकालयमा पर्याप्त मात्रामा पुस्तकको व्यवस्था नहुनु,

ख) पुस्तकालय सञ्चालनका लागि छुट्टै कोठा नहुनु,

ग) विद्यालय प्रशासन पुस्तकालयको व्यवस्थापनप्रति उदासिन रहनु,

घ) कर्मचारीको व्यवस्था नहुनु,

ङ) पुस्तक लाने र फिर्ता गर्ने प्रक्रियामा नियमितता वा एकरुपता नहुनु,

च) उपलब्ध पुस्तकहरुको विषयगत सन्तुलन नहुनु,

छ) पुस्तकालय सञ्चालन व्यवस्थापनका लागि छुट्टै नीति नियम निर्माण गरी कार्यान्वयन नगरिनु,

ज) पुस्तकालय व्यवस्थापन सम्बन्धी आवश्यक ज्ञान वा प्रशिक्षणको कमि,

झ) विद्यार्थी-अभिभावकमा पुस्तकालयको आवश्यकता महत्व सम्बन्धी पर्याप्त चेतना नहुनु ।

त्यसैगरी सामुदायिक विद्यालयहरुको पुस्तकालय व्यवस्थापन सम्बन्धी स्थलगत अध्ययनबाट निम्नानुसारका समस्याहरु रहेको पाइयो ।

क) पुस्तकालय सञ्चालनका लागि छुट्टै कोठा वा भवनको अभाव,

ख)	शिक्षक एवं विद्यार्थीमा पुस्तकालयको उपयोग गर्ने परिपाटीको कमि,

ग)	प्रशासनले चाहेर पनि आवश्यक मात्रामा भौतिक तथा आर्थिक व्यवस्थापन गर्न नसक्नु,

घ)	पुस्तकालयको महत्व र गरिमाप्रति बुझाइमा कमि र इच्छाशक्तिमा कमि,

ङ)	माथिल्ला कक्षाका विद्यार्थीहरुलाई मात्र लक्षित गरी पुस्तकालय सञ्चालन गरिनु,

च) पाठ्पुस्तक तथा सन्दर्भ समग्रीमा विषयगत एकरुपता नभएको,

छ) पुस्तक तथा सन्दर्भ सामग्री समयानुकूल परिवर्तन र परिमार्जन नहुनु,

ज)	पुस्तकालय सञ्चालनका लागि छुट्टै कर्मचारीको व्यवस्था नहुनु,

झ) पुस्तकालय सञ्चालन शीर्षकमा छुट्टै सहयोग अनुदान विरलै प्राप्त हुनु,

ञ)	अध्ययन कक्षको व्यवस्था गर्न नसक्नु र

ट) विद्यार्थी संख्या बढी भएका कारण पुस्तकालयको उचित सदुपयोग गर्न गराउन कठिनाइ हुनु,

माथि उल्लेखित बुँदागत समस्याहरुलाई हेर्दा संस्थागत र सामुदायिक विद्यालयमा विद्यमान पुस्तकालय व्यवस्थापन सम्बन्धी समस्याहरुमध्ये धेरैजसो समस्याहरु साझा समस्याका रुपमा रहेको पाइयो । तथापि संस्थागत विद्यालयका समस्या धेरैजसो भौतिक व्यवस्थापन र जनशक्तिसँग सम्बन्धित रहेको पाइन्छ भने सामुदायिक विद्यालयहरुका समस्याहरु सम्बन्धित निकाय, पदाधिकारीको भूमिका र आर्थिक पक्षसँग सम्बन्धित रहेको पाइन्छ ।

## ४.४ विद्यालयमा पुस्तकालय व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु

सामुदायिक र संस्थागत विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनमा देखा परेका विविध समस्याहरु समाधान गरी पुस्तकालयको उचित संबर्द्धन गर्दै अघि बढ्ने सन्दर्भमा विद्यालयका जिम्मेवार व्यक्तित्व ( प्र.अ. /प्रिन्सिपल वा वि.व्य.स. पदाधिकारी)हरुसँग लिइएको प्रतिक्रियाबाट पुस्तकालय व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु निम्नलिखित रहेको पाइयो :-

### ४.४.१ व्यवस्थापकिय पक्षमा सुधार

पुस्तकालयको व्यवस्थापकिय पक्ष अर्न्तगत पुस्तकालयलाई व्यवस्थित गर्न विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समिति,शिक्षक,कर्मचारी तथा सम्बन्धित सरोकार वालाहरुको

ध्यान पुस्तकालय व्यवस्थापन प्रति जागरुक गराउने,पुस्तकालयको संचालन नियमित गराउने,पुस्तकालय संचालनका लागी छुट्टै कर्मचारीको व्यवस्था गर्नुपर्ने, कर्मचारीहरुलाई वैज्ञानिक ढंगले कामगर्ने बनाउनको लागी बेलाबेलामा तालिम,गोष्ठी,सेमिनारहरुमा पठाउने वा संचालन गर्ने,पुस्तकालयको महत्वको बारेमा सम्बन्धित सरोकारवाला हरुलाई बेलाबेलामा छलफल र अर्न्तक्रयाको माध्यमबाट सचेत गराउने,पुस्तकालय अध्ययनकक्ष,भवन र फर्निचरको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्ने, पुस्तकालयलाई सुगम,सहज र शान्त वातावरण भएको ठाउँमा स्थापित गरी निर्धक्कसंग पढ्न पाउने व्यवस्था गर्नु पर्ने र पुस्तकालयलाई समयअनुशार परिमार्जित बनाउदै लैजाने जस्ता पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ ।

४.४.२ स्रोत साधनको व्यवस्थापन

पुस्तकालय व्यवस्थापनलाई प्रभावकारी बनाउन स्रोत र साधनको व्यवस्थापन पनि अनिवार्य हुने गर्दछ । स्रोत र साधनको व्यवस्थापन अर्न्तगत पुस्तकालय भवन तथा फर्निचर निर्माणका लागी आवश्यक पर्ने रकम जुटाउनको लागी आन्तरिक एवं वाह्य स्रोतको खोजिगर्नुपर्ने,पुस्तकालयमा समयअनुशारका पुस्तकहरु थप गदै लैजानुपर्ने,पुस्तकालयलाई थप प्रभावकारी बनाउनकालागि सन्र्दभ सामाग्रीहरुको व्यवस्थापन गर्नुपर्ने,पुस्तकालय संचालनकालागि वार्षिकरुपमा बजेटबनाउदै लैजानु पर्ने र उक्त बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।

४.४.३ पुस्तकालयमा प्रविधिको प्रयोग

पुस्तकालयलाई वैज्ञानिक ढंगले संचालन गर्नकालागि पुस्तकालय प्रविधिको प्रयोग अनिर्वाय हुनजान्छ । पुस्तकालयमा पुस्तकहरु व्यवस्थापन गर्दा कम्प्युटर प्रणलिको प्रयोग गर्नुपर्ने, पुस्तकहरुको प्रयोग गर्दा लाइब्रेरीकार्डको प्रयोगमा जोड दिनुपर्ने, पुस्तकहरु व्यवस्थित ढंगले मिलाएर राख्नु पर्ने जसले गर्दा खोजेको बेला तुरुन्त उपलब्ध होस् । पुस्तकालयमा इ-लाईब्रेरिको व्यावस्था गर्नकालागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

सामुदायिक संस्थागत विद्यालयहरुमा पुस्तकालयलाई प्रभावकारी बनाउनको लागी पुस्तकालय व्यवस्थापनमा सुधार गर्दै स्रोत र साधको उचित प्रयोग गरी समय सापेक्ष प्रविधिको प्रयोग गरेमा लक्षित उद्धेश्य हासिल हुनेमा जिम्मेवार व्यक्तिहरुको धारणा रहेको छ

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

मोरङ जिल्लाको उत्तरी खण्डमा अवस्थित सुकुना र केराबारी स्रोतकेन्द्र अन्तर्गत पर्ने जम्मा ३० वटा सामुदायिक र संस्थागत विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनको तुलनात्मक अध्ययन विषयमा आधारित प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य विद्यालयहरुमा पुस्तकालय प्रबन्धको अवस्था पहिचान गर्दै संस्थागत र सामुदायिक विद्यालयहरुमा तुलनात्मक रुपमा देखिएका समस्याहरुको पहिचान गर्ने र ती समस्याहरुको निराकरणका उपाय समेत सुझाउने रहेको छ । शोधपत्र तयारीका क्रममा सम्बन्धित विद्यालयहरुका प्र.अ., शिक्षकशिक्षिकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु लगायत सम्बन्धित सरोकारवालाहरुबाट प्राप्त सूचनाका आधारमा निर्धारित उद्देश्य प्राप्तिका लागि आवश्यक तथ्याङ्क एवं जानकारीहरुको व्याख्या तथा विश्लेषण पश्चात विभिन्न तथ्यपरक उपलब्धि हासिल भएको छ ।

सामुदायिक विद्यालयहरुमा पुस्तकालयको व्यवस्थापन अध्ययन गर्ने क्रममा जम्मा छनौट गरिएका २० वटा विद्यालयहरुमध्ये ६ वटा ( ३५%) विद्यालयहरुका पुस्तकालयको प्रबन्ध भएको , १० वटा (५०%) मा नभएको र ३ वटा (१५%)मा निर्माण गर्नुपर्ने आवश्यकता महसुस गरी निर्माण कार्य भइरहेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयहरुमा छनौट गरिएका १० वटा विद्यालयहरु मध्ये ५ वटा (५०%) विद्यालयहरुमा पुस्तकालयको प्रबन्ध भएको, १ वटा (१०%) मा नभएको र ४ वटा (४०%) मा निर्माण कार्य भइरहेको पाइयो । यी दुवै तथ्याङ्कहरुलाई तुलनात्मक विश्लेषण गर्दा संस्थागत तर्फ ५०% एवं सामुदायिक तर्फ ३५% मात्र विद्यालयहरुमा पुस्तकालयको प्रबन्ध रहेको पाइयो । त्यसैगरी १०% मात्र संस्थागत विद्यालयहरुमा पुस्तकालयको व्यवस्था नभएको छ भने यो संख्या सामुदायिक विद्यालयहरुमा ५०% देखिन्छ । त्यसैगरी ४०% संस्थागत विद्यालयहरुमा पुस्तकालयलाई व्यवस्थित गर्न पुस्तकालयको निर्माण भइरहेको छ भने १५% मात्र सामुदायिक विद्यालयहरुमा पुस्तकालयको निर्माण भइरहेको पाइयो । विशेषत: उच्च मा.वि. तह सञ्चालित विद्यालयहरु पुस्तकालय व्यवस्थापनप्रति जागरुक भएको पाइयो ।

पुस्तकालय व्यवस्थापनमा प्रभाव पार्ने महत्वपूर्ण पक्ष अन्तर्गत भौतिक, प्रशासनिक र आर्थिक पक्ष पनि पर्दछन् । भौतिक व्यवस्थापनसँग सम्बन्धित भवन, फर्निचर, कम्प्युटर

प्रविधि र अध्ययन कक्षको व्यवस्थापनको समग्र अवस्थाको तुलनात्मक अवस्था हेर्दा भवन तथा कोठाको आकार र स्थान २०% संस्थागत विद्यालयहरुमा अत्युत्तम, २०% मा उत्तम, ४०% मा मध्यम र २०% मा सामान्य रहेको पाइयो भने यही अवस्था समुदायिक विद्यालयहरु तर्फ ०% अत्युक्तम, २०% उत्तम, ४०% मध्यम र ४०% सामान्य रहेको पाइयो । पुस्तकालयमा कम्प्युटर प्रविधिको प्रयोगको अवस्थाको विश्लेषण गर्दा संस्थागत विद्यालयहरुमा यसको प्रयोगको अवस्था अध्ययनले क्रमशः अत्युत्तम - ०%, उत्तम - ०%, मध्यम - ६०% र सामान्य - ४०% रहको छ भने सामुदायिक तर्फ पनि निराशाजनक रुपमा अत्युत्तम - ०%, उत्तम - ०%, मध्यम -४०% र सामान्य - ६०% अवस्थामा कम्प्युटर प्रविधिको प्रयोग भएको  पाइयो । पुस्तक अध्ययन कक्षको व्यवस्था हेर्दा संस्थागत विद्यालयहरुमध्ये अत्युत्तम र उत्तम मा कुनै पनि विद्यालय नरहेको, ४०% मध्यम र ६०% सामान्य रहेको पाइयो । उक्त अवस्था सामुदायिक विद्यालयहरुमा पनि विद्यमान रही अत्युत्तम र उत्तम व्यवस्थापन कुनै पनि विद्यालयमा नभएको, २०% विद्यालयहरुमा मध्यम र ८०% विद्यालयहरुको अध्ययन कक्ष सामान्य रुपमा सञ्चालनमा रहेको पाइयो। । प्राप्त सूचनाका आधारमा समग्र अवस्थाको तुलना गर्दा संस्थागत विद्यालयहरु सामुदायिक विद्यालयहरु को तुलनामा पुस्तकालयको भौतिक व्यवस्थापनको दृष्टिकोणले बढी मजबुत् रहेको पाइयो ।

विद्यालयको प्रशासनिक पक्ष अन्तर्गत पुस्तकालयको प्रत्यक्ष रेखदेख, पुस्तक तथा सन्दर्भ सामग्रीको नियमित संकलन र संरक्षण र पुस्तकालय सञ्चालनको समय र कर्मचारी व्यवस्थाको समग्र अवस्था हेर्दा संस्थागत विद्यालयहरुको प्रभावकारीता ६०% छ भने सामुदायिक विद्यालयहरुको प्रभावकारिता ४०% रहेको पाइयो । त्यसैगरी पुस्तकालय व्यवस्थापनमा प्रभाव पार्ने अर्को महत्वपूर्ण पक्ष आर्थिक पक्षको अवस्था ७०% संस्थागत विद्यालयहरुमा मजबुत रहेको पाइयो भने ३०% संस्थागत विद्यालयमा समान्य अवस्था रहेको पाइयो । उक्त अवस्था सामुदायिक विद्यालय तर्फ हेर्दा ४०% विद्यालयहरुको आर्थिक स्थिति पुस्तकालय व्यवस्थापनका लागि पर्याप्त भएपनि ६०% विद्यालयको आर्थिक अवस्था कमजोर रहेको कारण पुस्तकालयको अवस्था दयनीय रहेको पाइयो ।

सामुदायिक विद्यालयहरु र संस्थागत विद्यालयहरुका सम्बन्धित सरोकारवालाहरुसँगको प्रतिक्रियाहरुबाट तुलनात्मक रुपले हेर्दा प्रसस्तै समस्याहुने सामुदायिक विद्यालयहरुको प्रतिशत ८०% रहेको पाइयो भने खाली ३०% संस्थागत विद्यालयहरुमा मात्र पुस्तकालय

व्यवस्थापनमा प्रसस्तै समस्या रहेको पाइयो । यसका आधारमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालय भ्रण्डै तीनगुना समस्याग्रस्त छन् । यसको प्रमुख कारण संस्थागत विद्यालयहरुले विद्यार्थी/अभिभावकसँग पुस्तकालय शीर्षकमा महँगो शुल्क लिने गरेको र उक्त प्रक्रिया सामुदायिक विद्यालयमा अति न्यून रहेको पाइयो । समग्र अवस्थाको अध्ययनको गर्दा संस्थागत विद्यालयहरुले भौतिक व्यवस्थापनलाई प्रमुख समस्याको रुपमा लिने गरेको पाइयो भने सामुदायिक विद्यालयका सरोकारवालाहरुले आर्थिक स्रोतलाई मुख्य समस्याको रुपमा लिने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र तयारपार्ने क्रममा अध्ययनकर्ताबाट मोरङ जिल्लाको उत्तरी खण्डमा पर्ने सुकुना र केराबारी स्रोतकेन्द्र अन्तर्गत रहेका संस्थागत र सामुदायिक विद्यालयको पुस्तकालय व्यवस्थापनको तुलनात्मक अध्ययन अन्तर्गत गरिएको अध्ययनबाट प्राप्त सूचनाको विश्लेषण तथा व्यायाा गरी प्राप्त प्राप्तिहरुको आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ ।

पुस्तकालय कुनै पनि विद्यालय र विद्यार्थीहरुको अपरिहार्य आवश्यकता हुँदाहुँदै पनि पुस्तकालयको सवत्र व्यवस्था नभएको र भएका कतिपय विद्यालयहरुमा पुस्तकालय देखावटी रुपमा मात्र रहेको पाइयो । त्यसमा पनि सामुदायिक तथा संस्थागत विद्यालयहरुको तुलनात्मक रुपमा अध्ययन गर्दा सामुदायिक विद्यालयहरुमा पुस्तकालयको अवस्था संस्थागतको तुलनामा कमजोर रहेको पाइन्छ । संस्थागत विद्यालयहरुमा विद्यार्थी भर्ना गर्दा पुस्तकालयको व्यवस्था भएको भनेर विज्ञापन चाँहि गर्ने गरेको तर स्थलगत अध्ययन गर्दा पुस्तकालय सञ्चालनको लागि छुट्टै कोठा नभएको पाइयो । अफिस कोठाको दराजमा केही पुस्तक राखेर त्यसैलाई पुस्तकालय भन्ने गरेको पाइयो । विद्यार्थीहरुले चाहेको बेलामा पुस्तकहरु नहुने, भएका पनि शिक्षकहरुले नै बढी प्रयोग गर्ने गरेको पाइयो । विद्यार्थीहरु पुस्तक माग्न जाँदा छुट्टै कर्मचारी नभएका कारण पुस्तक भनेका बेला नपाइने गरेको पाइयो । यो कुरा विद्यालय प्रशासनलाई अवगत गराउँदा विद्यालय प्रशासन यसप्रति उदासीन रहेको पाइयो । भएका पुस्तकहरु लाने र फिर्ता गर्ने प्रक्रियामा नियमितता र एकरुपता नहुने गरेको पाइयो । पुस्तकालय सञ्चालन सम्बन्धि स्पष्ट नीति नियमको अभावका कारण विद्यार्थीहरुले लगेका पुस्तकको रेकर्ड अद्यावधिक नराखेका कारण पुस्तक

लगेपछि फिर्ता नगर्ने गरेको पाइयो । पुस्तकालय व्यवस्थापनका बारेमा विद्यालयका सरोकारवालाहरुको धारणा अध्ययन गर्दा पुस्तकालयलाई अपरिहार्य एवं महत्वपूर्ण ठान्ने तर यसको मजबुतीकरणमा पर्याप्त ध्यान नदिनुले विभिन्न समस्याले ग्रस्त विद्यालय पुस्तकालयको अपेक्षाकृत विकास, विस्तार र सुधार हुन नसकेको पाइयो । संस्थागत विद्यालयको आर्थिक अवस्था सन्तोषजनक भएपनि भौतिक अवस्था र जनशक्तिको अभावजस्ता समस्याका कारण पुस्तकालय व्यवस्थापनमा समस्या रहेको पाइयो । सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको संख्या स्वभावैले बढी हुने भएकाले यस्ता विद्यालयहरुमा छुट्टै र व्यवस्थित पुस्तकालय र अध्ययन कक्ष हुनुपर्नेमा त्यस्तोृ व्यवस्था भएको पाइएन । पुस्तकालय भएका केही विद्यालयहरुमा पुस्तकालयका पुस्तकहरु माथिल्लो कक्षाका विद्यार्थीहरुले मात्र प्रयोग गरेको पाइयो । यस्ता पुस्तकहरु लाने र फिर्ता गर्ने कुरामापनि नियमिताता तथा एकरुपता नरहेको पाइयो । समय अनुकूल पुस्तकहरु तथा सन्दर्भसामग्रीहरु पविर्तन भइरहँदा पनि पुरानै किताबहरु पुस्तकालयमा हुने गरेको पाइयो । सामुदायिक विद्यालयहरुमा पुस्तकालयका लागि भनेर छुट्टै बजेट कमै आउने भएकाले आर्थिक अभावका कारण यहाँको भौतिक अवस्था र जनशक्तिको अवस्था कमजोर नै देखिन्छ । स्थलगत अध्ययन गर्ने क्रममा सामुदायिक विद्यालयमा पुस्तकालयको राम्रो व्यवस्थापन हुन नसक्नुको प्रमुख कारण भनेको आर्थिक कारण र सम्बन्धित सरोकारवालाहरुको इच्छाशक्तिको अभाव रहेको पाइयो ।  यी सबै कारणहरुले गर्दा यहाँ छुट्टै पुस्तकालय भवन, पुस्तकालय सञ्चालन सम्बन्धि नीति निर्माण र कार्यान्वयन पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको उपलब्धता, छुट्ट कर्मचारी नहुनु आदि विद्यालयहरुका साझा समस्याको रुपमा रहेको पाइयो ।

## ५.३ सुझावहरु

संस्थागत र सामुदायिक विद्यालयहरुमा पुस्तकालयको प्रबन्ध र व्यवस्थापनको तुलनात्मक अध्ययन गरी अवस्था पहिचान र अध्ययन र विश्लेषण गर्दा विद्यालयहरुमा पुस्तकालयको प्रबन्ध तथा प्रभावकारी व्यवस्थापनका लागि सुधार गर्नुपर्ने प्रसस्तै कुराहरु रहेको पाइयो । उक्त सुधारात्मक पक्षहरुलाई यहाँ सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

क) विद्यालयहरुले पुस्तकालयको प्रबन्ध र व्यवस्थापनलाई थप दरिलो बनाउनका लागि पुस्तकालय व्यवस्थापनमा सहयोग गर्न दाता संस्थाहरुको खोजी गर्नुपर्ने,

ख)  पुस्तकालय नभएका विद्यालयहरुले यस तर्फ चासो अभिवृद्धि गर्नुपर्ने,

ग)  पुस्तकालय सञ्चालनमा आएका विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा पुस्तक संख्या बढाउने तथा अद्यावधिक राख्ने,

घ)  पुस्तकालयमा कम्प्युटर प्रविधिको प्रयोग गरी इ-मेल इन्टरनेटको प्रयोगमा जोड दिनुपर्ने, कर्मचारीको व्यवस्था गर्नुपर्ने,

ङ)  कर्मचारीलाई पुस्तकालय सञ्चालन र व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्ने,

च)  पुस्तकालयको नीति निर्माण र नियमिततामा ध्यान दिनुपर्ने,

छ)  पुस्तकालयमा पाठ्यपुस्तकका अतिरिक्त अन्य सन्दर्भ सामग्री अद्यावधिक गर्नुपर्ने,

ज)  पुस्तकालयको उचित व्यवस्थापन गरी अध्ययन कक्षको समेत समूचित व्यवस्थापनमा ध्यान दिनुपर्ने,

झ)  विद्यालयमा पुस्तकालय व्यवस्थापनका निम्ति पुस्तकालय व्यवस्थापन उपसमितिको गठन गरी पुस्तकालयको मजबुतीकरणका लागि जिम्मेवारी वहन गर्नु/गराउनु पर्ने,

ञ)  सरोकारवालहरुवीच पुस्तकालयको महत्व र समयानुकूल परिवर्तनका लागि नियमित छलफल, अन्तरक्रिया को आयोजना गरी यसतर्फ सबैको ध्यानाकर्ष गराउनुपर्ने र

ट)  पुस्तकालयको भैतिक, प्रशासनिक र आर्थिक सुदृढिकरणका लागि स्रोतको पहिचान, परिचालनका लागि क्रियाशील भूमिका निर्वाह गर्नुपर्ने ।

उल्लेखित सुझावहरुको अवलम्वन गरेर अघि बढ्न सकेमा संस्थागत तथा सामुदायिक विद्यालयहरुको पुस्तकालय व्यवस्थापनमा देखा परेका विभिन्न समस्याको समाधान भई दुवै प्रकारका विद्यालयहरुको पुस्तकालय व्यवस्थापन र सञ्चालनमा एकरुपता हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

# सन्दर्भ सामग्री


अधिकारी , इन्द्रप्रसाद (२०६५), *पुस्तकालय तथा स्रोतकेन्द्र व्यवस्थापन एवं सञ्चालन ,* काठमाडौं : पुस्तकालय व्यवस्थापन तथा सूचना सेवा केन्द्र

कोइराला , विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६२) , *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

कुमार ,गिरिजा र कुमार , कृष्ण (१९९६) , *सूचिकरणके सिद्धान्त* , नयाँ दिल्ली : विकास पब्लिसिंग हाउस

Kumar, Krichna (1981) , *An Introduction to Cataloguing Practice*, New Delhi : Vikas Publishing House Pvt. Ltd.

Kumar , Krishna (1995) , *Library Organization* , New Delhi : Vikas Publishing House Pvt. Ltd.

गिरी, देवराज (२०६७), *पुस्तकालय व्यवस्थापनको प्रभावकारिता,* अप्रकाशित शोधपत्र,स्नाकोत्तर तह, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर

मैनाली, गुरु (२०६६) , *पुस्तकालय बनाउने र चलाउने सीप,* शिक्षक मासिक : जगदम्वा प्रेस

राई , अरुणकुमार , भट्टराई , प्रदीप , सुब्बा , दिपेन्द्र र भण्डारी ,झबिन्द्रप्रसाद (२०६४), *पुस्तकालय व्यवस्थापन* , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

www.google.com

## सामुदायिक र संस्थागत विद्यालयमा पुस्तकालय व्यवस्थापन

### अनुसूची - १ विद्यालयमा पुस्तकालयको प्रबन्धको अवस्था अध्ययनका लागि प्रारम्भिक सूचना संकलन सम्बन्धी सर्वेक्षण फाराम

| क.सं. | विद्यालयको नाम | ठेगाना | प्रकार | पुस्तकालयको अवस्था | | |
|---|---|---|---|---|---|---|
| | | | (संस्थागत/सामुदायिक) | भएको | नभएको | निर्माणाधिन |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# सामुदायिक र संस्थागत विद्यालयमा पुस्तकालय व्यवस्थापन

अनुसूची - २ पुस्तकालयको प्रबन्ध भएका संस्थागत र सामुदायिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनको अवस्था अध्ययनका लागि तयार गरिएको सर्वेक्षण फाराम

विद्यालयको नाम : ................................................ ठेगाना : .......................

| क्र. सं. | विवरण | बिकल्पहरु | | | |
|---|---|---|---|---|---|
| | | अत्युतम (५) | उत्तम (३) | मध्यम (२) | सामान्य (१) |
| १. | पुस्तकालय कोठा/भवनको आकार | | | | |
| २ | पुस्तकालय सञ्चालित स्थानको अवस्था कस्तो छ ? | | | | |
| ३. | फर्निचरको अवस्था कस्तो छ ? | | | | |
| ४. | पुस्तक तथा सन्दर्भ सामग्रीको अवस्था कस्तो छ ? | | | | |
| ५. | कर्मचारीको व्यवस्था कस्तो छ ? | | | | |
| ६. | पुस्तकालय सञ्चालन समयको अवस्था के छ ? | | | | |
| ७. | पुस्तकाय सञ्चालनको आर्थिक स्रोत व्यवस्थापन कस्तो रहेको छ ? | | | | |
| ८. | सामग्री संकलन र संरक्षण को अवस्था कस्तो छ ? | | | | |
| ९. | पुस्तकालयमा कम्प्युटर प्रविधि प्रयोगको अवस्था के छ ? | | | | |
| १०. | अध्ययन कक्षको अवस्था कस्तो छ ? | | | | |
| | | | | | |

विद्यालयको छाप :                                                    सूचना प्रदान गर्ने :

# सामुदायिक र संस्थागत विद्यालयमा पुस्तकालय व्यवस्थापन

अनुसूची - ३ शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका लागि तयार पारिएको प्रश्नावली

## प्रश्नावली

नाम : ..................................................... पद : .....................

विद्यालयको नाम : ................................................ ठेगाना : ................

“संस्थागत तथा सामुदायिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनको तुलनात्मक अध्ययन” शीर्षकमा गरिने शोध अध्ययनका लागि तयार पारिएको निम्न प्रश्नावलीमा तपाँईको व्यक्तिगत दृष्टिकोणको आधारमा दिइएका मध्ये कुनै एक विकल्पमा चिन्ह लगाउनु हुन अनुरोध छ ।

१. तपाई आफ्नो विद्यालयको पुस्तकालयको अवस्थाबारे कत्तिको जानकार हुनुहुन्छ ?
   (क) शतप्रतिशत (ख) धेरै
   (ग) केही हद सम्म (घ) खासै जानकारी छैन

२. विद्यालयको जनशक्तिले पुस्तकालय सञ्चालन र व्यवस्थापन सम्बन्धी तालिम/प्रशिक्षण लिनु कत्तिको आवश्यक छ ?
   (क) अति आवश्यक (ख) भए राम्रो (ग) आवश्यक छैन

३. पुस्तकालयको व्यवस्था भए र नभएको विद्यालयमा के कस्तो अन्तर पाउन सकिन्छ?
   (क) धेरै अन्तर हुन्छ (ख) केही अन्तर हुन्छ
   (ग) खासै अन्तर हुन्न (घ) केही अन्तर हुन्न

४. तपाईंको विद्यालयमा पुस्तकालय व्यवस्थापनमा कत्तिको समस्याहरु देखा परेका छन् ?
   (क) प्रसस्तै छन् (ख) खासै छैनन् (ग) कुनै समस्या छैन

५. पुस्तकालय व्यवस्थापनको सबैभन्दा समस्यामूलक पक्ष कुन पाउनु भएको छ ?
   (क) भौतिक पक्ष (ख) प्रशासनिक पक्ष (ग) आर्थिक पक्ष

६. तलका मध्ये कुन समस्या तपाईंको विद्यालयको पुस्तकालयमा बढी मात्रामा रहेको छ?
   (क) आर्थिक अभाव (ख) भवन तथा फर्निचरको समस्या (ग) जनशक्तिको अभाव

७. के पुस्तकालय शीर्षकमा विद्यार्थीहरुबाट शुल्क लिने गर्नु भएको छ ?
   (क) छ (ख) छैन

८. विद्यार्थीहरु पुस्तकालयको व्यवस्थापनप्रति कत्तिको सन्तुष्ट छन् ?
   (क) पूर्णरुपमा (ख) सामान्य रुपमा (ग) छैनन

९. पुतकालय व्यवस्थापनमा अन्य के कस्ता समस्याहरु देखा परेका छन् ?
   क) ..........................................................................................
   ख) ..........................................................................................
   ग) ..........................................................................................
   घ) ..........................................................................................

१०. पुस्तकालयलाई थप व्यवस्थित गर्नका लागि यहाँको संस्थाको भावी कार्यक्रम तथा योजना के होलान् ?
   क) .........................................................................................
   ख) .........................................................................................
   ग) .........................................................................................
   घ) .........................................................................................

...........................
हस्ताक्षर

सामुदायिक र संस्थागत विद्यालयमा पुस्ताकालय व्यवस्थापन

अनुसूची ४ अध्ययन क्षेत्रका विद्यालयको विवरण

| क.स. | विद्यालयको नाम | ठेगाना | प्रकार (संस्थागत/सामुदायिक) |
|---|---|---|---|
| १ | श्री मच्छिन्द्र उ.मा.वि. | केरावारी -२ | सामुदायिक |
| २. | श्री सर्वाजनिक मा.वि. | केराबारी -७ | सामुदायिक |
| ३ | श्री लक्ष्मी मा.वि. | केराबारी -९ | सामुदायिक |
| ४. | श्री सावित्री मा.वि. | केराबारी -३ | सामुदायिक |
| ५. | श्री कल्याणकारी मा.वि. | सिंहदेवी-२ | सामुदायिक |
| ६. | श्री महेन्द्र मा.वि. | इन्द्रपुर -६ | सामुदायिक |
| ७. | श्री भगवती उ.मा.वि. | बेलबारी -३ | सामुदायिक |
| ८. | श्री सुकुना उ.मा.वि. | इन्द्रपुर-३ | सामुदायिक |
| ९. | श्री साजिलाल उ.मा.वि. | सुन्दरपुर-१ | सामुदायिक |
| १०. | श्री पञ्चायत उ.मा.वि. | गोठगाँउ-२ | सामुदायिक |
| ११. | श्री जनता उ.मा.वि. | हरैंचा -५ | सामुदायिक |
| १२. | श्री उच्च मा.वि. | मृगौलिया-४ | सामुदायिक |
| १३. | श्री शिक्षा निकेतन मा.वि. | सलकपुर -८ | सामुदायिक |
| १४. | श्री ज्योति मा.वि. | सुन्दरपुर-३ | सामुदायिक |
| १५. | श्री कसेनी उ.मा.वि. | कसेनी-७ | सामुदायिक |
| १६. | श्री कविर नि.मा.वि. | बेलबारी-४ | सामुदायिक |
| १७. | श्री पञ्चायत नि.मा.वि. | बेलबारी-७ | सामुदायिक |
| १८. | श्री कुवापानी नि.मा.वि. | केराबारी -४ | सामुदायिक |
| १९. | श्री आमजुँगी नि.मा.वि. | केराबारी-५ | सामुदायिक |
| २०. | श्री बुद्ध मा.वि. | केरावारी -९ | सामुदायिक |

सामुदायिक र संस्थागत विद्यालयमा पुस्तकालय व्यवस्थापन
अनुसूची ५ अध्ययन क्षेत्रका विद्यालयको विवरण

| क.स. | विद्यालयको नाम | ठेगाना | प्रकार (संस्थागत/सामुदायिक) |
|---|---|---|---|
| १ | इन्द्रपुर नमुना मा.वि. | इन्द्रपुर -४ | संस्थागत |
| २. | सुविजिमुर मे.उ.मा.वि. | इन्द्रपुर -४ | संस्थागत |
| ३ | द राइजिङ्ग इ.बो.स्कूल | इन्द्रपुर-३ | संस्थागत |
| ४. | बालप्रतिभा इ.स्कूल | इन्द्रपुर-१ | संस्थागत |
| ५. | सिद्धार्थ इ.बो.स्कूल | इन्द्रपुर-१ | संस्थागत |
| ६. | सगरमाथा इ.बो.स्कूल | बेलबारी -२ | संस्थागत |
| ७. | गोदावारी विद्या मन्दिर | बेलबारी- ३ | संस्थागत |
| ८. | ब्राइट फ्यूचर इ.स्कूल | मृगौलिया-७ | संस्थागत |
| ९. | माउन्ट मकालु आ.मा.वि. | गछिया -७ | संस्थागत |
| १०. | सरस्वती विद्या मन्दिर | दुलारी-१ | संस्थागत |